सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ फागुन २०८०, बुधबार (28 Feb 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३१० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ रुसी सेनामा कार्यरतका परिवारजन सिंहदरबारमा

परराष्ट्रमन्त्रीले सुने पीडा, तर ढुक्क गराउन सकेनन्



पर्शुराम काफ्ले / नयाँ पत्रिका

परराष्ट्रमन्त्री एनपी साउदले रुसी सेनामा कार्यरत नेपालीका परिवारजनसँग मंगलबार भेटवार्ता गरेका छन् । सम्पर्कमा भएका, बेपत्ता भएका, घाइते तथा मृतकका गरी ३१ जनाका परिवारजनसँग परराष्ट्रमन्त्री साउदले भेटेर गुनासो सुनेका छन् ।

परराष्ट्र मन्त्रालय पुगेका परिवारजनलाई उनले रुसी सेनामा कार्यरत, तर करार सम्झौता गरेर स्वदेश फर्कन चाहने नेपालीको हकमा सहजीकरण गर्न रुस सरकारसित आग्रह गरिएको बताए । तर, मन्त्री साउदले उनीहरूको फिर्ताबारे परिवारजनलाई ढुक्क बनाउन भने सकेनन् ।

पहिलोपटक नेपाल सरकारका मन्त्रीसित परिवारजनले भेटेर दुःखेसो पोख्न पाएको उक्त बैठकमा परिवारजनसित समन्वय गरेकी एकीकृत समाजवादी पार्टीकी नेतृ कृतु भण्डारीले बताइन् । 'दुई घण्टाभन्दा बढी हाम्रो छलफल भयो । मन्त्रीज्यूले पीडित परिवारजनको कुरा सुन्नुभयो । सुरुमा त मिडियाबाजी गरेको भनेर अप्रसन्नता व्यक्त गर्नुभयो, तर पछि राम्रो कुराकानी भयो,' भण्डारीले छलफलपछि नयाँ पत्रिकासँग भनिन्, 'सरकारले नेपालीहरूलाई फिर्ता गराउन पहल गरिरहेको, मृतकको परिवारजनलाई सजिलै क्षतिपूर्ति पाउने परिस्थिति बनाउन लागिरहेको भन्ने जानकारी पनि पाएका छौं ।'

उनका अनुसार रुसी सेनामा रहेका नेपालीको संख्याबारे रुसी सरकारसँग जानकारी मागेको परराष्ट्रमन्त्रीको भनाइ थियो । 'त्यहाँ करार सम्झौता गरेर काम गरेका नेपाली सम्झौता रद्द गरेर फर्कन चाहन्छन् भने सहयोग गरिदिनुस् भनेका छौं,' परराष्ट्रमन्त्रीलाई उद्धृत गर्दै भण्डारीले भनिन्, 'हामी पीडितहरूको साथमा छौं । तपाईंहरूको पीडा हामी सबैको साझा हो । तपाईंहरूको साथमा हामी छौं ।'

परराष्ट्रमन्त्री साउदले गैरकानुनी रूपमा गएका भए पनि रुसी सेनामा भर्ना भएका नेपाली नागरिकप्रति राज्यको दायित्व रहेको पनि बताएका थिए । 'आफ्ना नागरिकप्रति सरकार सधैं जिम्मेवार छ । उहाँहरूलाई फिर्ता ल्याउन कुनै पनि कसर बाँकी राखिनेछैन । हामी इमानदारीपूर्वक प्रयास गरिरहेका छौं,' परराष्ट्रमन्त्रीले भने ।

परराष्ट्रमन्त्री साउदले नागरिकको सकुशल फिर्ती, घाइतेको उपचार र उद्धार तथा लडाइँमा मृत्यु भएकाहरूको शव नेपाल ल्याउन सरकार, परराष्ट्र मन्त्रालय, मस्कोस्थित नेपाली दूतावासले क्षमताले भ्याएसम्म हरसम्भव प्रयास गरिरहेको बताए । 'नेपाली नागरिकको सुरक्षित फिर्तीका लागि काठमाडौंस्थित रुसी दूतावास, मस्कोस्थित नेपाली दूतावास र अन्य माध्यमहरूबाट नेपाल सरकार रुसी पक्षसँग निरन्तर सम्पर्कमा छ,' साउदले भने

परराष्ट्रमन्त्री साउदले कन्सुलर विभागमा हालसम्म मृत्यु भएका, सम्पर्कमा नभएका तथा रुसी सेनाबाट फिर्ता गरिदिन अनुरोधसहितका २४४ जनाको परिवारले निवेदन दिएको पनि जानकारी दिए । उनले रुसी सेनामा भर्ना भएका व्यक्तिबारे कन्सुलर विभागमा आवेदन दिन पनि सम्बन्धित नागरिकका घर-परिवारलाई आग्रह गरे ।

रुसी सेनामा भर्ना भएका नागरिकको संख्याबारे अतिरञ्जित गरेर समाजमा भ्रम फैलाउने ढंगले कसैले पनि प्रस्तुत हुन नहुने उनको भनाइ थियो । राष्ट्रिय सभामा पूर्वपरराष्ट्रमन्त्री डा. विमला राई पौड्यालले १५ हजार नेपाली रुसी सेनामा भर्ती भएको बोलेपछि अन्तर्राष्ट्रिय सञ्चारमध्यम सिएनएनले समाचार बनाएको थियो । यसप्रति परराष्ट्रमन्त्री साउदले असन्तुष्टि पोखेका थिए ।

परराष्ट्रमन्त्री साउदले एक साताअघि (फेब्रुअरी २०) मा नेपालका लागि

» पृष्ठ २ मा क्रमशः

परराष्ट्र मन्त्रालय पुगेका परिवारजनलाई मन्त्री एनपी साउदले भने–

आफ्ना नागरिकप्रति सरकार सधैं जिम्मेवार छ । उहाँहरूलाई फिर्ता ल्याउन कुनै पनि कसर बाँकी राखिनेछैन । हामी इमानदारीपूर्वक प्रयास गरिरहेका छौं । 'नेपाली नागरिकको सुरक्षित फिर्तीका लागि काठमाडौंस्थित रुसी दूतावास, मस्कोस्थित नेपाली दूतावास र अन्य माध्यमहरूबाट नेपाल सरकार रुसी पक्षसँग निरन्तर सम्पर्कमा छ ।

फेरियो भ्रष्टाचारको तौरतरिका

देशभित्र गैरआर्थिक भ्रष्टाचारजन्य कार्य बढेको तथा देशबाहिर हुने अवैध लेनदेनको छानबिनमा कानुनको अभाव रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गुनासो, गैरआर्थिक भ्रष्टाचार पनि कारबाहीको दायरामा ल्याउन संसदीय समितिको निर्देशन

कमलराज भट्ट / नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको तौरतरिकामा व्यापक परिवर्तन आएकाले अपेक्षाकृत काम गर्न नसकेको गुनासो गरेको छ । मंगलबार प्रतिनिधिसभाको सार्वजनिक लेखा समिति बैठकमा डाकिएका अख्तियारका पदाधिकारीले देशभित्र गैरआर्थिक भ्रष्टाचारजन्य कार्य बढेको तथा देशबाहिर हुने अवैध लेनदेनको छानबिनमा कानुनको अभाव रहेको बताए ।

बैठकमा उपस्थित अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचारको तौरतरिका फेरिएको, गैरआर्थिक भ्रष्टाचारजन्य कार्य बढेको, अनुचित कार्य नै भ्रष्टाचारको जड भएको बताए । उनले अनियमितताका विभिन्न घटनामा लेनदेन नेपालबाहिर हुने गरेको र अन्तर्राष्ट्रिय क्षेत्रको सूचनामै पुग्न सकस भएकाले भ्रष्टाचारजन्य कार्यको कारबाही निष्कर्षमा पुऱ्याउन लामो समय लाग्ने गरेको बताए ।

■ सांसदहरूका सुझावैसुझाव

विभिन्न देशसँग द्विपक्षीय सम्झौता नहुँदा अन्तर्राष्ट्रिय क्षेत्रले भ्रष्टाचारसम्बन्धी सूचना दिन नमानेको, धेरै पत्राचार गर्दा पनि कठिनाइ भएर नसकेको गुनासो उनले राखेका थिए ।

अख्तियारका प्रमुख आयुक्तले भ्रष्टाचारको गैरआर्थिक भ्रष्टाचारजन्य कार्य बढेको बताएपछि संसदीय समितिले गैरआर्थिक प्रकृतिको भ्रष्टाचार पनि कारबाहीको दायरामा ल्याउन आयोगलाई निर्देशन दिएको छ । गैरआर्थिक भ्रष्टाचारजन्य कार्यभित्र कुनै काम गरिदिएबापत उपहार लिने, आफन्तको नियुक्ति गराइमाग्ने, स्वार्थ बाझिने गरी अवसर लिनेजस्ता कार्य पर्दछन् ।

अनुचित तथा अनियमित कार्यको रूपमा रहेको गैरआर्थिक भ्रष्टाचारलाई छानबिनको

» पृष्ठ २ मा क्रमशः



मंगलबार बसेको लेखा समिति बैठक

■ लेखा समितिको बैठकमा अख्तियार प्रमुख प्रेमकुमार राईले भने-

अनियमितताका कतिपय घटनामा लेनदेन विदेशमा हुन्छ



भ्रष्टाचारको नयाँ रूप आएको छ । भ्रष्टाचार संगठित जालो भइसकेको छ । भ्रष्टाचारको तौरतरिका फेरिएको, गैरआर्थिक भ्रष्टाचारजन्य कार्य बढेको र अनुचित कार्य नै भ्रष्टाचारको जड हो । अनियमितताका विभिन्न घटनामा लेनदेन नेपालबाहिर हुने गरेको छ । अन्तर्राष्ट्रिय क्षेत्रको सूचनामै पुग्न सकस भएकाले भ्रष्टाचारजन्य कार्यको कारबाही निष्कर्षमा पुऱ्याउन लामो समय लाग्ने गरेको छ । विभिन्न देशसँग द्विपक्षीय सम्झौता नहुँदा अन्तर्राष्ट्रिय क्षेत्रले भ्रष्टाचारसम्बन्धी सूचना दिन नमानेको, धेरै पत्राचार गर्दा पनि कठिनाइ भएको छ । सार्वजनिक पद धारण गरेकोबाहेक अरू नसमेट्दा अरूलाई प्रयोग गरेर भ्रष्टाचार फस्टाएको छ ।

■ अख्तियारलाई लेखा समितिको निर्देशन-

गैरआर्थिक भ्रष्टाचार पनि छानबिनको दायरामा ल्याउनू

आर्थिक अनियमिततालगायत भ्रष्टाचारको परिभाषाभित्र पर्ने गैरआर्थिक भ्रष्टाचारजन्य कार्यहरूमाथिसमेत प्रभावकारी रूपमा अनुसन्धान गरी कारबाहीको दायरामा आउने गरी कार्यसम्पादन गर्नू । कतिपय विषयमा अनुसन्धान गर्न समय लाग्ने नै हुन्छ । यद्यपि, लामो समयसम्म निष्कर्षमा नपुग्दा आमनागरिकमा आशंका/द्विविधा उब्जिने भएकाले सो विषयलाई समेत मध्यनजर गर्दै आयोगबाट शीघ्र कार्यसम्पादन गर्नू ।

(गैरआर्थिक भ्रष्टाचारजन्य कार्यभित्र कुनै काम गरिदिएबापत उपहार लिने, आफन्तको नियुक्ति गराइमाग्ने, स्वार्थ बाझिने गरी अवसर लिनेजस्ता कार्य पर्दछन् ।)

ठूला भ्रष्टाचारको अनुसन्धानमा कति प्रगति ?

लेखा समिति बैठकमा प्रमुख आयुक्त प्रेमकुमार राईले समितिबाट विभिन्न मिति र विषयमा शीघ्र अनुसन्धान गरी निष्कर्षमा पुग्न र कानुनी प्रक्रियामा लैजान आयोगलाई दिएका निर्देशनहरूको कार्यान्वयनको अवस्था तथा कार्य प्रगति जानकारी गराएका थिए । लेखाबाट आएका १८ वटा प्रकरणमध्ये नेपाल एयरलाइन्सको वाइडबडी खरिद प्रकरणको अनुसन्धान अन्तिम चरणमा पुगेको राईले बताए ।

प्रमुख आयुक्त राईले सेक्युरिटी प्रेसको विषय पनि अनुसन्धान भइरहेको भन्दै पोख्त प्रमाण र आधार नभई कसैलाई दोष लगाएर लान नमिल्ने बताए । समितिबाट आएको चमेलिया जलविद्युत्को सम्बन्धमा ०७६ मा आयोगबाट अनुसन्धान भएको र टुंग्याउन मात्रै बाँकी रहेको उनले बताए । चिनीको तोकिएको मूल्य सम्झौता कार्यान्वयन नगरिएको विषय पनि चाँडै टुंग्याइने उनले बताए ।

कैलाली, सिन्धुली, कञ्चनपुर र कपिलवस्तुमा वैज्ञानिक वन व्यवस्थापनका नाममा भएको अनियमितता सम्बन्धी चारवटा मुद्दामा अनुसन्धान ५० प्रतिशतसम्म पुगेको बताए । 'चार सयजति वन उपभोक्ता समिति भएकाले अनुसन्धान गर्न गाह्रो भएको छ । तर, टुंगोमा पुऱ्याउँछौं,' उनले भने । यो प्रकरणमा कर्मचारीको सम्पत्तिको छानबिन गरेर तीनजनालाई मुद्दा लगाएको, एकजनाले अदालतबाट सफाइ पाएर पुनरावेदनमा जान लागेको बताए ।

दुइटा विचाराधीन रहेको र तामेलीमा रहेको उनले बताए । यसैसँग सम्बन्धित छुट्टै जाल्पादेवी सामुदायिक वनको मुद्दा टुंगिएको र यसमा केही नभेटिएर तामेलीमा राखिएको उनको भनाइ थियो ।

प्रमुख आयुक्त राईले प्रिमियम मूल्यमा सेयर जारी गरेको धितोपत्र बोर्डको विषय आफैंले छानबिन पनि गर्ने र अर्थ मन्त्रालयलाई पनि प्रतिवेदन मागेर दुईतिरबाट अनुसन्धान गरिरहेको भन्दै यो मुद्दालाई गम्भीर रूपमा लिएको बताए ।

प्रमुख आयुक्त राईले सूचना प्रविधिसम्बन्धी टेरामक्स खरिद प्रकरणमा बयानको क्रमलाई टुंग्याएको र अब अध्ययन-अनुसन्धान गरेर यसलाई फर्म्यार्टमा ल्याउने र तथ्य र प्रमाणलाई केलाउने कार्य भइरहेको भन्दै केही दिनमा नतिजा आउने बताए । 'यसमा हामी करिब-करिब अनुसन्धानको अन्तिम चरणमा पुगेका छौं,' उनले भने ।

लुम्बिनीको रामग्राम जग्गा लिज प्रकरणमा प्रारम्भिक छानबिन सुरु गरेको भन्दै राईले विस्तृत अनुसन्धानमा केही समय लाग्ने जानकारी गराए । काभ्रेको मण्डनदेउपुर नगरपालिकाको राजस्व छली प्रकरणमा छानबिन भइरहेको उनले बताए । यसबाहेक समितिबाट निर्देशन भएबमोजिम रेकर्डमा नरहेका कतिपय विषय पनि छानबिनकै चरणमा रहेको उनले स्पष्ट पारे । तारागाउँ विकास समिति जग्गा अनियमितता प्रकरण अख्तियारबाट टुंगिइसकेको र आवश्यक कारबाहीका लागि पर्यटन मन्त्रालयलाई पत्राचार गरिएको उनले बताए ।

■ नागरिकलाई फुटपाथमै हिँड्न निषेध



संसद् भवनको पश्चिम गेटनजिक फुटपाथमा हिँड्न निषेध गरेपछि सडकमा जोखिमपूर्ण यात्रा गर्दै वृद्धा



सिंहदरबारबाहिरको फुटपाथमा डोरी लगाएर सर्वसाधारणलाई हिँड्न निषेध

शब्द/तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

आन्दोलित लघुवित्त तथा सहकारीपीडितहरू सोमबार निषेधित क्षेत्र तोडेर अतिसंवेदनशील संसद् भवनपरिसरमा छिरेको घटनालाई लिएर सरकारले सुरक्षाका नाममा फेरि सर्वसाधारणलाई सास्ती दिने कदम चालेको छ । बानेश्वर, सिंहदरबार र अनामनगर क्षेत्रका फुटपाथमा डोरी टाँगेर निषेधित क्षेत्रको पम्प्लेट झुन्ड्याई सर्वसाधारणलाई हिँड्नसमेत रोक लगाएको छ । फुटपाथमा निषेध गरेपछि बटुवाहरू सडकमै जोखिमपूर्ण यात्रा गरिरहेको भेटिए । फुटपाथमा हिँड्नेहरूलाई प्रहरीले केरकार गर्दै निषेधित क्षेत्रमा नहिँड्न चेतावनीसमेत दिइरहेको थियो ।

बाजुरामा चामलको आपूर्ति बढाइने

● **भीमकान्त पौडेल**, प्रजिअ, बाजुरा



मागअनुसारको ढुवानी नहुँदा स्थानीयले अनावश्यक झन्झट र समस्या भोग्नुपरेको छ । तत्काल ढुवानी कार्य गराउने गरी पहल गरिनेछ । जिल्लाका लागि निर्धारण गरिएको कोटाअनुसारको चामल ढुवानी कार्य समयमै गरी चामलका लागि लाइन लाग्नुपर्ने अवस्थाको अन्त्य गर्नेछौं ।

बाजुरामा **गगन अयडी**

जिल्ला प्रशासन कार्यालय बाजुराको नेतृत्वमा बसेको सर्वदलीय बैठकले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई पर्याप्त चामल ढुवानी गरी आपूर्ति बढाउन निर्देशन दिएको छ ।

बाजुरामा पर्याप्त चामल ढुवानी नहुँदा चामलका लागि नागरिक लाइन लाग्नुपरेको समाचार सार्वजनिक भएसँगै स्थानीय प्रशासनको नेतृत्वमा यस्तो निर्देशन दिइएको हो । पर्याप्त मात्रामा चामल नहुँदा जिल्ला खाद्य कार्यालय बाजुरामा चामल किन्नेको हानाथाप भइरहेकोबारे सोमबार नयाँ पत्रिकामा कभर स्टोरी प्रकाशित भएको थियो । त्यसपछि जिल्ला प्रशासन कार्यालय बाजुराले सर्वदलीय बैठक आह्वान गरेको थियो । बैठकले चामलको आपूर्ति तत्काल गर्ने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलको संयोजकत्वमा बसेको बैठकमा स्थानीयस्तरमा क्रियाशील प्रमुख चार राजनीतिक दल कांग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादीका नेता तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका बाजुरा शाखा प्रमुख सहभागी थिए ।

प्रजिअ पौडेलले जिल्लाका लागि निर्धारण गरिएको कोटाअनुसारको चामल ढुवानी कार्य समयमै गरी चामलका लागि लाइन लाग्नुपर्ने अवस्थाको अन्त्य गरिने बताए । उनले मागअनुसारको ढुवानी नहुँदा स्थानीयले अनावश्यक झन्झट र समस्या भोग्नुपरेको भन्दै तत्काल ढुवानी कार्य गराउने गरी पहल गरिने बताए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले कर्णाली र सुदूरपश्चिमका पहाडी जिल्लामा अनुदानमा चामल बिक्री गर्छ । तर, मार्तडी डिपोमा २४ भदौमा चामल सकिएकोमा फागुनमा आएर फेरि बिक्री सुरु भएको हो । फागुनमा आएको तीन सय क्विन्टल चामल शुक्रबार र आइतबार साढे आठ सयभन्दा धेरै परिवारलाई वितरण गरिएसँगै सकिएको खाद्य कम्पनीले जनाएको छ । 'अब विपत् र जिल्ला कारागारका कैदीका लागि दुई सय क्विन्टल चामल मौज्दात राखिएको छ, जुन उपभोक्तालाई बिक्री गर्न मिल्दैन । थप चामल आएपछि बिक्री हुन्छ,' भण्डारीले भने ।

ठेकेदारले समयमै चामल ढुवानी नगर्दा स्थानीयले बजारको चामल किनेर खानुपर्ने बाध्यता आउने गरेको छ । संस्थानले केही रुपैयाँ सहुलियत दरमा दिने गर्दा स्थानीयले खाद्यान्नकै चामल रोज्ने गरेका छन् । बजारमा मोटा चामल ६२ रुपैयाँमा बिक्री

» पृष्ठ २ मा क्रमशः



स्वर्गद्वारी गुठीका मोही किसान सातादेखि आन्दोलनमा, खाली खुट्टा घोराहीमा प्रदर्शन

दाङमा **दीपक बोहरा**

एक सातादेखि आन्दोलनमा उत्रिएका स्वर्गद्वारी गुठीका मोही किसानले मंगलबार घोराही बजारमा खाली खुट्टा प्रदर्शन गरेका छन् । मोही अधिकारको माग गर्दै दाङका आठ सय ५० किसानले ८ फागुनदेखि जिल्ला प्रशासन कार्यालयको गेटमा धर्ना दिइरहेकामा अब प्रदर्शन थालेका हुन् ।

२७ र २८ फागुनमा देशभरका गुठीपीडित किसानको सम्मेलन गरी दाङ गुठीपीडित घोषणापत्र जारी गर्ने निर्णय भएको मोही किसान संघर्ष समितिका अध्यक्ष प्रभु चौधरीले बताए । सबै गुठीलाई एउटै नजरले नहेरी गुठी विधेयकमा स्वर्गद्वारी गुठीलाई विशेष प्रकृतिको निजी गुठीका रूपमा उल्लेख गर्नुपर्ने मोही किसानको माग छ । अध्यक्ष चौधरीका अनुसार गुठी विधेयक संसद्मा टेबल नहुँदासम्म आन्दोलनलाई जारी राख्ने बताएका छन् ।

स्वर्गद्वारी आश्रम व्यवस्थापन समितिले जग्गाको द्वैध स्वामित्वको विषयमा अध्ययन गरी प्रतिवेदन बुझाउन एक समिति गठन गरेको छ । उक्त समितिको प्रतिवेदनका आधारमा थप कदम चाल्ने समितिको तयारी छ । पीडित किसान लालबहादुर

» पृष्ठ २ मा क्रमशः



अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिँदै नेपाली विद्यार्थी

काठमाडौं/ स्मार्ट सिटी र दिगो विकाससम्बन्धी दुबईमा हुन लागेको अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालका १० जना विद्यार्थीले भाग लिने भएका छन् । आगामी मे महिनाको पहिलो साता हुने उक्त प्रतियोगितामा नेपालबाट ४ देखि १२ कक्षासम्मका सरकारी र निजी विद्यालयका विद्यार्थी सहभागी हुन लागेका हुन् ।

विश्वका २३ भन्दा बढी देशका विद्यार्थीको सहभागितामा हुने प्रतियोगितामा दिगो विकास र स्मार्टसिटीको योजना तयार पारेर प्रस्तुत गर्नुपर्नेछ । सबैभन्दा राम्रो 'प्रोजेक्ट' प्रस्तुत गर्ने विद्यार्थी तथा समूहलाई पुरस्कार प्रदान गरिने छ । नेपालमा रहेका विद्यार्थीलाई सो प्रतियोगितामा भाग लिनको लागि नीमा एजुकेसन फाउन्डेसनले समन्वय गरेको छ । उक्त प्रतियोगितालाई 'कोडएभर ५.० अन्तर्राष्ट्रिय प्रतियोगिता' भनिन्छ ।

राष्ट्रिय सभा अध्यक्षमा दाबी नछाड्न माओवादी नेताहरूको माग

नयाँ पत्रिका

माओवादीका स्थायी समिति सदस्यहरूले राष्ट्रिय सभा अध्यक्ष पद आफ्नै पार्टीले पाउनुपर्ने बताएका छन् । पार्टी कार्यालय पेरिसडाँडामा मंगलबार बसेको स्थायी समिति बैठकमा सहभागी अधिकांश नेताले अध्यक्ष पद छाड्न नहुने बताएका हुन् ।

राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमल्सिनाको पदावधि यही २० फागुनमा सकिँदै छ । तिमल्सिनासहित २० सांसद बिदा हुँदै छन् । यसअघि मन्त्रिपरिषद्बाट मनोनीतबाहेक १९ सदस्य निर्वाचित भइसकेका छन् । २० फागुनपछि राष्ट्रिय सभामा १८ सांसदसहित माओवादी पहिलो, १६ सांसदसहित कांग्रेस दोस्रो, १० सांसदसहित एमाले तेस्रो, आठ सांसदसहित एकीकृत समाजवादी चौथो, तीन सांसदसहित जसपा पाचौँ दल हुनेछन् । लोसपा र राष्ट्रिय जनमोर्चाका एक-एकजना छन् । राष्ट्रपतिबाट मनोनीत वामदेव गौतम स्वतन्त्र सांसदको हैसियतमा छन् । राष्ट्रपतिबाट एक सिट मनोनीत हुन बाँकी छ । गठबन्धनबीच उक्त सिट जनमोर्चालाई दिने सहमति छ ।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले नेताहरूले बैठकमा राष्ट्रिय सभा अध्यक्ष पद छाड्न नहुने धारणा राखेको बताए । 'राष्ट्रिय सभाको अध्यक्षको निर्वाचनका बारेमा छलफल भयो । र, त्यस सम्बन्धमा अन्तिम निर्णय भोलि (बुधबार) हुन्छ ।' अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बुधबार बैठकलाई सम्बोधन गरेर समापन गर्ने तयारी छ ।

प्रदेश इन्चार्जमा नयाँ नेता पठाउने प्रस्ताव

बैठकमा पार्टी नेताहरूको कार्यविभाजन, भावी योजनालगायतका विषयमा पनि छलफल भएको छ । प्रदेश इन्चार्जमा नयाँ नेतालाई पठाउने प्रस्ताव बैठकमा पेस भएको छ । कोशीमा हरिबोल गजुरेल, मधेशमा लीलामणि पोखरेल, बागमतीमा अग्नि सापकोटा, गण्डकीमा दीनानाथ शर्मा, लुम्बिनीमा चन्द्रप्रकाश खनाल, कर्णालीमा कालीबहादुर मल्ल र सुदूरपश्चिममा गिरिराजमणि पोखरेलको नाम प्रस्ताव भएको छ । बुधबार बस्ने बैठकले प्रस्ताव पारित गर्नेछ ।

अभियान सञ्चालनबारेमा पनि छलफल भएको छ । माओवादीले मधेश जागरण र उत्तर-दक्षिण अभियान सञ्चालन गर्दै छ । चैत र वैशाखमा १५-१५ दिन दुई अभियान सञ्चालन गर्ने माओवादीको तयारी छ । १ देखि १५ चैतमा हुने तराई-मधेश जनजागरण र १ देखि १५ वैशाखमा हुने उत्तर-दक्षिण अभियान सञ्चालन हुनेछ । मधेश जागरण अभियान हुलाकी राजमार्गलाई केन्द्र बनाएर पूर्वदेखि पश्चिमसम्म हुनेछ । अभियानमा केन्द्रीय नेताका साथै सांस्कृतिक टिम पनि सहभागी गराउने तयारी छ । उत्तर-दक्षिण अभियानअन्तर्गत हिमाल-पहाड-तराई जोडेर राष्ट्रिय अभियान सञ्चालन हुनेछ । 'यसअघि सम्पन्न माओवादी विशेष रुपान्तरण अभियानमा कार्यकर्ता तहमा फोकस भयौँ । अब जनतामा जाने गरी अभियान चलाउँदै छौँ । उक्त अभियानको ठोस कार्यक्रम तय गर्नेछौँ,' सापकोटाले भने ।

ॐ समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं. ०१-४५६५७३८, मो. नं. ९८५१३४३०५२, ९८५१३४३०५१
ई-मेलः samaj.sccop@gmail.com
दर्ता नं. १३५०/०६४/०६५

कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/११/१६

यस सहकारी संस्थाबाट विभिन्न मितिमा विभिन्न शिर्षक अन्तर्गत कर्जा लिनु भएको तपशिलका ऋणीहरुले उल्लेखित सर्त सम्झौता तथा कर्जा भुक्तानी तालिका अनुसार कर्जाको साँवा, ब्याज र हर्जना रकम नतिरी नबुझाई बक्यौता बाँकी राख्नु भएकोमा तपाई ऋणीलाई लिखित, मैखिक तथा सामाजिक संजालको प्रयोग गरि विभिन्न पटक ताकेता साथै मिति: २०८०/१०/०३ गते नागरिक पत्रिकामा कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नगरेकाले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले लिएको कर्जाको साँवा, ब्याज र हर्जना रकम भुक्तानी गर्नु हुन सूचित गरिन्छ । अन्यथा यस संस्थाका नाममा धितो सुरक्षण प्रयोजनार्थ लेखि लेखाइदिएको तपशिलमा बमोजिमको चल अचल सम्पती लिलाम बिक्रि गरी सहकारी ऐन २०७४ दफाको ७९ र सहकारी नियमावली २०७५ र धितो नरहेको हकमा प्रचलित कानुन बमोजिम सम्मानित जिल्ला अदालतमा मुद्दा गरी वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा ऋणी जमानी कर्ता तथा धितो लेखिदिने व्यक्ति सबैलाई सुचित गरिन्छ । यदि तोकिएको अवधि भित्र कर्जा चुक्ता नगरेको खण्डमा कर्जा सुचना केन्द्र मार्फत कालो सूचिमा नाम समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचना बाट जानकारी गराइएको छ । थप जानकारीको लागि संस्थामा सम्पर्क राख्नु होला ।

तपसिलः

ऋणीको बिबरण	ऋणीको फोटो	जमानतको बिबरण	धितोको बिबरण
नाम : सिता खत्री बुवा : नर बहादुर खत्री ठेगाना : मोरङ जिल्ला, बिराटनगर-७ ना.प्र.नं : १६१२८ जारी मिति : २०३४/०९/२५ जारी जिल्ला : मोरङ		नाम : मान बहादुर श्रेष्ठ बुबा : मनि नारायण श्रेष्ठ बाजे : ऐन नारायण श्रेष्ठ ठेगाना : उदयपुर,मयाखु-३ ना.प्र.नं : ६३०/७१७८ जारी मिति : २०४३/११/२ जारी जिल्ला : उदयपुर नाम : उषा श्रेष्ठ के.सी आमा : सिता खत्री पति : मान बहादुर श्रेष्ठ ठेगाना : मोरङ, विराटनगर, ७।	ऋणीको नाममा मालपोत कार्यालय बेलबारी मोरंगमा दर्ता श्रेस्ता कायम रहेको मोरंग जिल्ला इन्द्रपुर ग.पा/ न.पा वडा नं.३ मा रहेको जग्गाको कित्ता नं. ४०६२ क्षेत्रफल ०-२-०-० (बिघा) लिग लगापात समेत ।

ऋणीको बिबरण	ऋणीको फोटो	धितोको बिबरण
नाम : बिनोद कुमार दत्त बुबा : लक्ष्मी नारायाण दत्त बाजे : राम कृष्ण दत्त ठेगाना : सप्तरी जिल्ला, कन्चनपुर-७ ना.प्र.नं : ४४१८३१२८ जारी मिति : २०३९/१०/१२ जारी जिल्ला : सप्तरी		ऋणीको नाममा मालपोत कार्यालय कन्चनपुरमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला कन्चनपुर न.पा वडा न.७ मा रहेको जग्गा कित्ता न.१९६, ३१२, ३०८, ६९ क्षेत्रफल ०-६-३, ०-०-९, ०-०-७, ०-६-७ लिग लगापात समेत ।
नाम : मोहन बहादुर कार्की बुबा : खड्ग बहादुर कार्की बाजे : बिर ध्वज कार्की ठेगाना : सिन्धुली जिल्ला पोखरी- ७ ना.प्र.नं : ८८/२२५१ जारी मिति : २०४५/०१/०७ जारी जिल्ला : सिन्धुली		ऋणीको नाममा मालपोत कार्यालय सिन्धुली मा दर्ता श्रेस्ता कायम रहेको सिन्धुली जिल्ला साबिक खोलागाउँ गा.वि.स/न.पा वडा नं.६ र १ मा रहेको जग्गाको कित्ता नं. ६६,७ क्षेत्रफल ६-३-१-०, १०-१-२-० लिग लगापात समेत ।
नाम : उत्तम राजभण्डारी बुबा : श्याम कृष्ण राजभण्डारी श्रीमति : निमा प्रधान राजभण्डारी ठेगाना : काभ्रे जिल्ला, शंखुपाटीचौर-९ ना.प्र.नं : ६८०६७ जारी मिति : २०५३/०९/२१ जारी जिल्ला : काभ्रेपलान्चोक		निमा प्रधान राजभण्डारी को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोक मा दर्ता श्रेस्ता कायम रहेको काभ्रे जिल्ला सरदा (बतासे) ग.पा/ न.पा वडा नं.९ मा रहेको जग्गाको कित्ता नं. ६८८ क्षेत्रफल ०-९-१-२ लिग लगापात समेत ।
नाम : स्वछन्द घले बुबा : शान्त घले बाजे : जेर्नेल गिरिराज घले ठेगाना : काठमाडौं जिल्ला- साबिक का.म.न.पा-३३, मैतिदेवी ना.प्र.नं : १३१०७/४४९४	मालपोत कार्यालय चाबहिल मा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला गागलफेदी गा.पा./न.पा वडा न.३ मा रहेको जग्गा १३८ कित्ता नं १-०-०-० क्षेत्रफल लिग लगापात समेत ।	

ऋणीको बिबरण	ऋणीको फोटो	जमानतको बिबरण
नाम : प्रज्वल सैजु बुबा : मोहन कृष्ण सैजु बाजे : हरिभक्त सैजु ठेगाना : काभ्रे, पनौती-६ ना.प्र.नं : १३६७४४ जारी मिति : २०६१/१२/२२ जारी जिल्ला : काभ्रेपलान्चोक		नाम : रबिन मुनिकार ठेगाना : काठमाडौं जिल्ला, मैतीदेवी
नाम : तेज बहादुर रोक्का बुबा : राम बहादुर रोक्का बाजे : चित्र बहादुर रोक्का ठेगाना : रामेछाप जिल्ला, देउराली-४ ना.प्र.नं : ५१७८९ जारी मिति : २०५८/०९/१५ जारी जिल्ला : रामेछाप		नाम : टेक बहादुर बादी बुबा : डिल्ली मान बादी ठेगाना : ओखलढुंगा जिल्ला, बिल्नछु-२ ना.प्र.नं : १३१०४१/१२३ जारी जिल्ला: ओखलढुंगा

ऋणीको बिबरण	ऋणीको फोटो
नाम : अशोक कुमार राई बुबा : खडग बहादुर राई बाजे : लाटा राई ठेगाना : मकवानपुर, राईगाँउ-५ ना.प्र.नं : ३/२९३ जारी मिति : २०५३/०३/१७ जारी जिल्ला : मकवानपुर	
नाम : प्रकाश बि.क बुबा : कविराज बि.क बाजे : शक्ति बि.क ठेगाना : बाग्लुङ जिल्ला, तित्याङ-४ ना.प्र.नं : ५०१००५/१०६२४ जारी मिति : २०६५/१०/१५ जारी जिल्ला : बाग्लुंग	

ऋणीको बिबरण	जमानतको बिबरण
नाम : समिर श्रेष्ठ बुबा : कुमार श्रेष्ठ बाजे : भक्त बहादुर श्रेष्ठ ठेगाना : सुनसरी, इनरुवा-३ ना.प्र.नं : ४९०५३/५१०५३	नाम : सुशिला श्रेष्ठ बुबा : सुर्य लाल श्रेष्ठ आमा : सुमित्रा श्रेष्ठ ठेगाना : भक्तपुर जिल्ला, झौखेल-५ ना.प्र.नं : २९३००४/१ जारी मिति : २०६९/११/०२ जारी जिल्ला : भक्तपुर
नाम : अजय बहादुर बुढाथोकी क्षेत्री बाजे : जिते बुढाथोकी क्षेत्री ना.प्र.नं : ५४/०१/७५/०२११० जारी जिल्ला : रोल्पा	बुबा : चिन्ते बुढाथोकी क्षेत्री ठेगाना : रोल्पा जिल्ला, सुनिल स्मृति-७ जारी मिति : २०७५/०६/१०

फेरियो...

पृष्ठ १ बाट क्रमशः

अनुचित तथा अनियमित कार्यको रूपमा रहेको गैरआर्थिक भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउन निर्देशन दिएको हो । 'आर्थिक अनियमिततालगायत भ्रष्टाचारको परिभाषाभित्र पर्ने गैरआर्थिक भ्रष्टाचारजन्य कार्यहरूमाथिसमेत प्रभावकारी रूपमा अनुसन्धान गरी कारबाहीको दायरामा आउने गरी कार्यसम्पादन गर्नू,' अख्तियारलाई लेखा समितिको निर्देशन छ ।

लेखा समिति बैठकमा उपस्थित अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचारको तौरतरिका फेरिएको, गैरआर्थिक भ्रष्टाचारजन्य कार्य बढेको, अनुचित कार्य नै भ्रष्टाचारको जड भएको बताए । 'चौथो तहबाट घुस खाएको भर्खरैको घटनाबाट देखियो । भ्रष्टाचारको नयाँ रूप आएको छ । भ्रष्टाचार संगठित जालो भइसकेको छ । सार्वजनिक पद धारण गरेकोबाहेक अरू नसमेट्दा अरूलाई प्रयोग गरेर भ्रष्टाचार फस्टाएको छ । यदि सेवाग्राहीबाट लिन्छ भने बिचौलियालाई पनि सार्वजनिक पद धारणभित्रै राख्ने भनेका छौँ,' उनले भने ।

अहिले सरकारी कार्यालयमा आउने कर्मचारीले काम गर्नेभन्दा आफ्नो वृत्तिविकासका लागि लोकसेवाको तयारी गरेर बस्ने प्रवृत्ति रहेको भन्दै राईले यसमा सुधार जरुरी रहेको बताए । भारतमा निश्चित समय सेवा गर्नैपर्ने नजिर राख्दै राईले भने, 'यहाँ त सरकारी तलब खाऊ, आफ्नो वृत्तिविकासमा लाग, तयारी गर, काम नगर भन्छ । फेरि विदेश पठाउँछौँ, देशका लागि सेवा गर्नेभन्दा घुम्ने काम हुन्छ । विदेशबाट के सिक्यो, के उपलब्धि भयो थाहा छैन ।' राईले प्रणालीमा आमूल सुधारका लागि नीतिगत सुधार जरुरी रहेको दोहोर्‍याए ।

प्रमुख राईले गैआर्थिक भ्रष्टाचारको विषय उठाएपछि गैरआर्थिक भ्रष्टाचारलाई पनि कारबाहीको दायरामा ल्याउन भनेको हो । समितिले भ्रष्टाचार काण्ड समयमा निष्कर्षमा पुर्‍याउन पनि भनेको छ । 'कतिपय विषयमा अनुसन्धान गर्न समय लाग्ने नै हुन्छ । यद्यपि, लामो समयसम्म निष्कर्षमा नपुग्दा आमनागरिकमा आशंका/द्विविधा उब्जिने भएकाले सो विषयलाई समेत मध्यनजर गर्दै आयोगबाट शीघ्र कार्यसम्पादन गर्नू,' निर्देशनमा छ ।

यसमा समितिले अख्तियारसहित अनुसन्धान गर्ने सरकारी निकायले कतिपय विषय र अवस्थामा बहुआयामिक अध्ययन, अनुसन्धान, अन्य देशसँग सूचना आदानप्रदान गर्नुपर्ने र सो कार्यका लागि आवश्यकताअनुसार बहुपक्षीय, द्विपक्षीय सम्झौता आवश्यक पर्ने भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । 'यद्यपि, यस्ता सम्झौताहरू हुन नसकेको कारण अनुसन्धान कार्य प्रभावित हुन गएको देखिएकाले आवश्यकताअनुसार बहुपक्षीय/द्विपक्षीय सम्झौता गर्ने, संसद्बाट अनुमोदन गराउने कार्यलाई प्राथमिकतासाथ गर्न, गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ,' समितिको निर्णयमा छ ।

आयोजनाहरूमा पनि अन्यमार्फत पैसा लिने प्रवृत्ति मौलाएको उनले बताए । 'टोटल नेक्सस समेटिने गरी कानुन आयो भने समात्न सकिन्छ । त्यसैगरी, अनक्यापले सबै क्षेत्र अख्तियारभित्र पार भन्छ, हामी सदस्य हौँ । नीतिगत रूपमै राख्नुपर्छ भन्ने हाम्रो मान्यता हो । पोलिसी करेक्सन जरुरी छ । जन्मदेखि मृत्युसम्म कति कमायो, काम गर्‍यो भन्ने रेकर्ड राखौँ,' उनले भने ।

प्रमुख आयुक्त राईले भ्रष्टाचार नियन्त्रणका लागि नीतिगत सुधार जरुरी रहेको बताए । अहिलेको ऐनले आयोजनामा मात्रै भ्रष्टाचार हुन्छ भन्ने परिकल्पना गरेको, संविधानले नै अनुचित कार्यको अधिकार नदिएको भन्दै उनले आगामी ऐनमा यी विषयलाई समेट्नुपर्ने धारणा राखे । ऐनमा स्टिङ अप्रेसन पनि समेट्नुपर्ने उनको माग थियो । 'नियमावलीमा व्यवस्था गरेर स्टिङ अप्रेसन चलाउँदा सर्वोच्चले रोकिदियो । अहिले मालपोत, नापीमा खुलेयाम लेनदेन भइरहेको छ, तर, अख्तियारले केही गर्न सक्दैन, किनकि अहिले स्टिङ अप्रेसन गर्न पाउँदैन । सेवाग्राहीले पैसा हालेकामा मात्रै पक्रिरहेका छौँ । अब ऐनमै संशोधन गरेर जाने गरी राखेका छौँ,' उनले भने ।

राईले माथिल्लो तहबाटै भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने बताए । माथिल्लो तहलाई दोष देखाउन तथ्य प्रमाण आधार चाहिने उनको भनाइ थियो । 'कर्मचारी मात्रै परे भनिन्छ, कानुनले नै प्रशासनमा सचिवलाई जिम्मेवार बनाएको छ, उसले हस्ताक्षर गर्‍यो भने पर्‍यो,' उनले भने । राईले नीतिगत भ्रष्टाचारको परिभाषा पनि जरुरी रहेको बताए । 'त्योभन्दा माथि नीतिगत भ्रष्टाचार के हो, के होइन, के-के पर्छ भनेर ऐनबाटै परिभाषित हुन जरुरी छ,' उनले भने ।

राईले अख्तियार देखाएर काम नगर्ने कर्मचारीलाई ऐनअनुसार दण्डित गर्नुपर्ने बताए । 'हाम्रा कर्मचारीले काम नगर्ने प्रवृत्ति छ । निजामती सेवा ऐन कानुनमा छुट दियौँ । विभागीय प्रमुखले काम नगरेमा स्पष्टीकरण सोधेको थाहा छैन । कारबाही नगर्नुमा उनको पनि बाध्यता होला, ट्रेड युनियन छन्, दबाब होला,' उनले भने, 'यसरी हेर्दा विभागीय कारबाही त परको कुरा हो, कुनै पनि कर्मचारीलाई काम नगरेको भनेर स्पष्टीकरण नसोधेपछि कसरी काम हुन्छ ?'

सांसदहरूका सुझावैसुझाव

सांसदहरूले अख्तियारले सानालाई मात्र कारबाही गरेको र ठूलोलाई उन्मुक्ति दिएको प्रश्न उठाए । राजनीतिक नियुक्ति भएकाले राजनीतिक नेतृत्वप्रति अख्तियार पदाधिकारीले आशक्ति देखाएको सांसदहरूको आंशका थियो । अख्तियारलाई थप प्रभावकारी र निष्पक्ष बनाउन खुला प्रतिस्पर्धाबाट नियुक्ति, अख्तियारको संरचना र जनशक्ति प्रविधिमैत्री तथा समृद्ध बनाउनुपर्ने सांसदहरूको धारणा छ ।

बेनामे उजुरीले सेवाप्रवाहमा अवरोध भएको, प्रतिशोध साध्ने हतियारका रूपमा दुरुपयोग भएको उल्लेख गर्दै सांसदहरूले उजुरीको परीक्षण हुनुपर्ने सुझाएका थिए । मुद्दा तामेलीमा राख्नेभन्दा सफाइ पाउने वा दण्डित हुने गरी सक्रिय अनुसन्धान गर्न अख्तियारका पदाधिकारीको ध्यानाकर्षण गराए ।

कर्मचारीतन्त्रमा अख्तियार देखाएर फाइल अगाडि नबढाउने प्रवृत्ति बढेको भन्दै यसमा ध्यान दिनुपर्ने सांसदहरूको जोड थियो । 'अख्तियारले आफ्नै संयन्त्र र आफूबाट हुने कामको पनि स्वअनुगमन गरोस् । कर्मचारी नतर्सिने र निर्णय हुने वातावरण बनाउनुपर्‍यो, छानबिन गर्दा नतर्सिने, तर सत्य पत्ता लाग्ने गरी अनुसन्धान गरौँ,' सांसद जनार्दन शर्माले भने । स्थानीय तहबाट आएका उजुरी तल नै प्रारम्भिक अध्ययन गर्ने व्यवस्था गर्न उनको सुझाव थियो ।

बेनामे उजुरी हटाएमा उजुरी नै नआउने भन्दै राईले थपे, 'नाम हालेर उजुरी दिने व्यवस्था गरियो भने अहिलेको २८ हजार उजुरीमा २८ वटा पनि आउँदैन । अब कस्तो उजुरी लिने, कस्तो नलिने हेर्नुपर्छ । अब सबै ठाउँमा एउटै खालको उजुरी हालेर हैरानी गर्ने प्रवृत्ति छ ।'

कर्णाली करिडोरमा आयोजनाबारे १८ वटा अलग अलग निकायमा उजुरी परेको र सबै ठाउँमा आयोजना प्रमुखको ब्रिफिङ गर्न नै ६ महिना लागेको उल्लेख गर्दै राईले सबैमा उजुरी दिन मिल्ने कि नमिल्ने, रिमार्केसन गर्नुपर्ने बताए । 'ऐनको दायराभित्रको उजुरी मात्र लिने र बाँकी सम्बन्धित निकायमा पठाउने गरेका छौँ । त्यो भएपछि प्रभावकारी हुन्छ,' उनले भने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

बोलपत्र रद्द गरिएको सूचना

सूचना प्रकाशित मिति : २०८०/११/१६ गते

यस केन्द्रबाट मिति २०८०/०९/२४ मा आव्हान भएको ठेक्का नं. ०६ (GPKNCRD/GOODS/NCB/06/2080-081) High End Video Endoscopy System with Bronchoscope for Hospital को बोलपत्र प्राविधिक कारणले रद्द गरिएको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ ।

अस्पताल प्रमुख

"आपसी सहयोग, सद्भाव र सामुहिक हितका लागि सहकारी"

हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Hamro Saving and Credit Co-operative Society Limited

मुख्य कार्यालय : ललितपुर महानगरपालिका –६ लगनखेल, ललितपुर
सेवाकेन्द्रहरु : गोदावरी न.पा –१०, चापागाउ, महाँकाल गा.पा.–३ गोटिखेल, कामनपा–२६ गोंगबु
सम्पर्क नं.: ०१-५४४५२२९
E-mail : hamrosaccos.coop@gmail.com, hamronamunasaccos@gmail.com

यस संस्थाको गैर वित्तीय अचल सम्पत्ति लिलाम बिक्रि सम्बन्धि गोप्य बोलपत्र आह्वान

सूचना प्रकाशित मितिः २०८०/११/१६ (नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाको नाममा दर्ता कायम रहेका तपशिलमा उल्लेखित अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बढाबढ मुल्यमा बिक्री गर्न आवश्यक भएको हुनाले उक्त जग्गा खरिद गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले (३५) पैतिस दिन भित्र कार्यालय समय भित्र यस संस्थाको केन्द्रिय कार्यालयमा आईपुग्ने गरी के कति दरेटमा उक्त जग्गा लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन इच्छुक सबैमा आह्वान गरिन्छ । उक्त अवधि भित्र पर्न आएका बोलपत्रहरु बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनीधिहरुको रोहवरमा बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलीपल्ट संस्थाको मुख्य कार्यालय लगनखेल ललितपुरमा अपरान्ह ४ बजे खोलिने छ ।

तपसिल

क्र.सं.	जग्गाको विवरण
१.	हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला साविक चापागाँउ गा.वि.स.वडा नं.६च कित्ता नं.३७१ क्षेत्रफल ०-२-२-०, कित्ता न ४२७ क्षेत्रफल ०-३-०-०, कि.नं.३७० क्षेत्रफल ०-१-२-० रहेको घरजग्गा तथा उक्त जग्गाले चर्चेको लिगलिगापात समेत ।
२.	हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला साविक चापागाँउ गा.वि.स वडा नं.५क कित्ता नं.८२८ क्षेत्रफल ०-७-१-० रहेको घरजग्गा तथा उक्त जग्गाले चर्चेको लिगलिगापात समेत ।

शर्त बन्देजहरू:

१) बोलपत्र आवेदन फारम यस संस्थाका कार्यालयहरुबाट रु.५००। (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२) बोलपत्र फाराममा आफूले बोलकबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३) माथि उल्लेखित गैर वित्तीय सम्पत्ति जे जस्तो अवस्था, स्थिति र परिणाममा छ सोही अवस्था, स्थिति र परिमाणका लागि मात्र बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफूले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम संस्थामा जम्मा गरेको रसिदको प्रतिलिपि पेश गर्नु पर्ने छ ।
५) बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म, कम्पनी वा संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
७) माथि उल्लेखित अचल सम्पत्ति निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ ।
८) बोलपत्र स्वीकृती भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्ने छ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
(९) स्वीकृती भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रवालाको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्रबालाले नै बेहोर्नु पर्नेछ ।
१०) बोलपत्र दाखिल भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन । अस्वीकृत धरौटी रकमको ब्याज दिईने छैन ।
११) कुनै शर्त राखि पेश गरिएको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२) बोलपत्र स्विकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थाको सञ्चालक समितिमा रहनेछ ।

परराष्ट्रमन्त्रीले...

पृष्ठ १ बाट क्रमशः

रुसी राजदूतलाई मन्त्रालयमा बोलाएर छलफल गरेको बताए । 'रुसी सेनामा भर्ना भएका नेपाली नागरिकबारे सरकारले राखेका कतिपय मुद्दाहरूमा रुसी पक्षबाट सकारात्मक जवाफ प्राप्त भएको छ । मृतक र घाइतेलाई क्षतिपूर्ति उपलब्ध गराउने विषय अगाडि बढेको छ,' उनले भने । परराष्ट्रमन्त्री साउदका अनुसार रुससँग नेपाली नागरिकको शव स्वदेश ल्याउने विषयमा पनि सरकारको कुराकानी भइरहेको छ । तर, रुसी सेनाले हालसम्म तीनजनाको शवको अन्तिम संस्कार गरिसकेको छ ।

परराष्ट्रमन्त्री साउदले सरकारले मान्यता नदिएका, जोखिममा रहेका मुलुकहरूमा परिवारजनलाई जानबाट रोक्न परिवारका सदस्यहरूलाई आग्रह गरे । रुसबाट नागरिक फिर्ता गर्न र परिवारलाई क्षतिपूर्तिका लागि परिवारजनलाई समन्वय गरेकी नेतृ भण्डारीले हालसम्म रुसी सेनामा कार्यरत, बेपत्ता र घाइते गरी ६ सयभन्दा बढी नागरिकका परिवार आफ्नो सम्पर्कमा आएको जानकारी दिइन् । उनका अनुसार मृत्यु भएकाहरूको संख्या बढेको जानकारी आएको छ । 'यसबारेमा सरकारले नै औपचारिक रूपमा सबै विवरण सार्वजनिक गरोस् भन्न चाहन्छौँ,' भण्डारीले भनिन् । हालसम्म १८ जनाको परिवारले काजक्रिया गरिसकेको विवरण आफूसित रहेको उनको दाबी छ ।

स्वर्गद्वारी...

पृष्ठ १ बाट क्रमशः

चौधरीका अनुसार स्वर्गद्वारी गुठीको जग्गा यहाँका किसानले सदियौँदेखि भोग गर्दै आएका छन् । तर, सर्वोच्च अदालतले १४ चैत ०६२ मा परमादेश जारी गर्दै 'स्वर्गद्वारी गुठी विशेष प्रकृतिको निजी गुठी भएको ठहर गर्दै आश्रमको स्वायत्ततामा आँच पुग्ने गरी आश्रमको नाममा दर्ता भएको जग्गा कुनै पनि किसिमले खण्डित र हिनामिना हुन नदिनू' भनेपछि आफूहरू जग्गाको अधिकार पाउनबाट वञ्चित बनेको किसानहरूको गुनासो छ ।

चौधरीले गुठीको जग्गा भोगचलन गर्दै आएको यो चार पुस्ता हो । गुठीका १२ मौजामा किसानले मोही हक दाबी गरेका हुन् । स्वर्गद्वारी आश्रमको एक हजार ३४ बिघा १७ कट्ठा सात धुर जग्गामध्ये सात सय ५३ बिघा जग्गामा मोही कायम छ । ०२१ मा आएको भूमि ऐनअनुसार आश्रमको जग्गामा दुई सय ८९ जनाको मोही कायम भएको थियो । सोही जग्गामा घर बन्दै जाँदा तीन सय पाँचको हाराहारीमा घर रहेको संघर्ष समितिका अध्यक्ष चौधरीले बताए ।

२९ मंसिर २०२८ सालमा उक्त जग्गा स्वर्गद्वारी आश्रमको नाममा गएको हो । स्वर्गद्वारी आश्रमको नाममा जानुभन्दा पहिले त्यो जग्गा निजी थियो । तर, किसानले त्योभन्दा पहिले नै मोही हक पाएका थिए । तर, स्वर्गद्वारी गुठीको नाममा गएपछि पटक-पटक दुःख पाउँदै आएको अध्यक्ष चौधरीले गुनासो गरे ।

०३८ मा आश्रमले सोही जग्गा खण्डीकृत नगरिदिन सरकारसमक्ष निवेदन पेस गरेको थियो । त्यसपछि सरकारले ०४५ सालमा खण्डीकरण नगर्ने भनी निर्णय गर्‍यो । त्यही आधारमा ०६२ मा न्यायाधीश रामप्रसाद श्रेष्ठ र दामोदरप्रसाद शर्माको इजलासले स्वर्गद्वारी आश्रमका महाप्रभु हंशानन्द गिरीको झोलीको पैसाबाट खरिद गरिएको जग्गामा यज्ञको होमादी कार्य खण्डित हुन नदिन कुनै हस्तक्षेप नगर्नू, नगराउनू भन्ने आदेश गरेको थियो । अदालतले पनि सरकारको त्यो निर्णयलाई सदर गरिदिएपछि आफूहरू पीडित बनेको किसानहरूको गुनासो रहेको छ

स्वर्गद्वारी आश्रमको तुलसीपुर- १० पद्ढा, घोराही- ५ मैनबार, घोराही-१४ झिंगौरा र ढोरेनीमा मोही छन् । त्यस्तै, घोराही- २ रामपुरको पलाँसे, लमही- ३ को बनगाउँ, मजगाउँ, चैलाही तथा लमही- ७ को उचानिम्बुमा मोही हक कायम छ ।

बाजुरामा...

पृष्ठ १ बाट क्रमशः

हुँदा खाद्य संस्थानमा ५९ रुपैयाँ प्रतिकेजीमा पाइने गरेको छ । पर्याप्त बजार क्षेत्र भएर पनि बाजुरामा खाद्यान्न अभाव हुने गरेको सन्देश जाने भएकाले अनुदान दिने मापदण्ड पनि तोकिनुपर्ने र जबर्जस्त अभाव सिर्जना गरिने काम बन्द गरिनुपर्ने कांग्रेसका उपसभापति पदम बडुवालले बताएका छन् । उनले भोकै हुने गरी बाजुरामा खाद्यान्न अभाव हुने अवस्था नआएको बताए ।

एमाले अध्यक्ष भरत थापाले कार्यालय खडा गर्ने, समयमै चामल उपलब्ध नगराउने, चामलमा पनि नाम मात्रैको अनुदान दिने कुरा गलत भएको भन्दै उद्देश्यअनुसार खाद्य संस्थानले काम गरी समयमै चामल आपूर्ति गर्नुपर्ने सुझाव दिए । एकीकृत समाजवादीका अध्यक्ष पुर रावतले जिल्लाको मागअनुसार ठेकेदारले समयमै चामलको आपूर्ति गर्न नसक्दा नागरिकले चामलका लागि लाइन लाग्नुपर्ने अवस्था आएको चर्चा गरे ।

तत्कालीन सेन्चुरी बैंकका सिइओसहित १० कर्मचारी पक्राउ

काठमाडौं/ थोरै धितोमा धेरै ऋण निकासा गरेको आरोपमा तत्कालीन सेन्चुरी बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तुलसीराम गौतम, वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) मनोज न्यौपाने र असिस्टेन्ट जनरल म्यानेजर राजेश भण्डारीसहित १० कर्मचारीलाई प्रहरीले पक्राउ गरेको छ। डिसिइओ न्यौपानेसहितको टोलीले देउराली सहकारीलाई एक अर्ब १४ करोड रुपैयाँ मूल्यबराबरको जग्गा धितो राखी दुई अर्ब ११ करोड ६५ लाख रुपैयाँ ऋण प्रवाह गरेको आरोप छ।

गौतमसहित बैंकका कर्मचारीहरू, दिलीप बराल, सुवासबहादुर श्रेष्ठ, अनुपमा श्रेष्ठ मानन्धर, सविन घिमिरे, रमन श्रेष्ठ, दिपेश प्रधान र सुनिल बस्नेत पनि पक्राउ परेका छन्। सेन्चुरी बैंक अहिले प्रभु बैंकमा गाभिएको छ।

घटनाको अनुसन्धान नेपाल प्रहरीअन्तर्गतको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरिरहेको छ। सिआइबीका अनुसार डिसिइओ न्यौपानेसहितको टोलीले देउरालीलाई धितो मूल्यांकनभन्दा ९७ करोड ४१ लाख ७० हजार सात सय ७२ रुपैयाँ ऋण प्रवाह गरेको थियो। देउरालीका अध्यक्ष रवीन्द्र चौलागाईं पनि पुपक्षेकाका लागि कारागारमा छन्।
सिआइबी प्रवक्ता एसपी होविन्द्र बोगटीले न्यौपानेसहितको टोलीले देउरालीलाई कम धितोमा धेरै ऋण प्रवाह गरेको अनुसन्धानबाट खुलेको बताए। उनले भने, 'ठगीबारे अनुसन्धान भइरहेको थियो। यही क्रममा तत्कालीन सेन्चुरी बैंकले देउरालीलाई धितोभन्दा करिब एक अर्बभन्दा बढी ऋण प्रवाह गरेको देखियो। ऋण प्रवाह गराउँदा न्यौपानेसहितको टोली सहभागी थिए। त्यसो हुँदा उनीहरूलाई पक्राउ गरिएको हो।'

सेन्चुरी बैंक प्रभु बैंकमा गभिएसँगै तत्कालीन कर्मचारीहरू पनि प्रभुमा सोही पदमा समायोजित भएका थिए। सिइओ गौतम भने सेवा निवृत्त भएका थिए। सिआइबीका अनुसार सेन्चुरीले देउरालीलाई पूजा ट्रेडिङ एन्ड मार्केटिङ, श्री ब्रदर्स मार्केटिङ, पूजा मार्केटिङ र अन्नपूर्ण डिस्टिलरीको नाममा ऋण प्रवाह गरेको थियो। एसपी बोगटीका अनुसार बैंकबाट ऋण निकाल्न चौलागाईंले विभिन्न कम्पनी खडा गरेका थिए।

सुरक्षा व्यवस्थापनमा बारम्बार चुक्दै प्रहरी

प्रहरी कर्मचारी आफैं राज्यबाट पीडित रहेकाले पनि फिल्डमा कमजोरी बढ्दै गएको सुरक्षाविद्हरूको भनाइ

नवराज मैनाली/नयाँ पत्रिका

बालकुमारी घटनामा भएको सुरक्षा कमजोरीको विषय नसेलाउँदै संसद् भवन परिसरमै भएको गम्भीर सुरक्षा लापरबाहीले उपत्यकाको सुरक्षा प्रबन्ध उदांगिएको छ। सोमबार आन्दोलनकारी सहजै संसद् परिसरभित्र प्रवेश गरेको घटनाले देशका कुनै पनि निकाय सुरक्षित छैनन् भन्ने सन्देश दिएको सुरक्षाविद् बताउँछन्। राष्ट्रिय अनुसन्धानका पूर्वप्रमुख देवीराम शर्माले ५० जना मान्छे यसरी संसद् परिसर छिर्नुले सुरक्षा व्यवस्थापनमा चरम लापरबाही भएको बताए।

राज्यले अति संवेदनशील सूचीमा राखेको संसद् भवनमा भएको सुरक्षा चुकपछि गृह मन्त्रालयले समीक्षा गर्न थालेको छ। सोमबार नै गृहमन्त्री नारायणकाजी श्रेष्ठले घटनापछि उच्च सुरक्षा अधिकारीसँग आक्रोश पोखेका थिए भने मंगलबार पनि उपत्यकाका उच्च सुरक्षा अधिकारीबीच समीक्षा गरेका छन्। सो क्रममा सूचनाको अभाव र संसद् परिसरको गेटको सुरक्षा प्रबन्धमा कमजोरी रहेको औंल्याइएको छ। घटनाको विषयमा काठमाडौं उपत्यकाका एसएसपी दिनेशराज मैनालीको नेतृत्वमा छानबिन समिति बनेको छ।

संघीय राजधानीमा सुरक्षा व्यवस्थापनमा पटक-पटक चुक्दा प्रहरी आलोचित हुँदै आएको छ। गत १३ पुसमा ललितपुरको बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा प्रहरीको गोलीबाट अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतको मृत्यु भएको थियो। घटनाको पूर्वानुमान गर्न नसकेको र पछि एक्कासी बल प्रयोग गरेको भन्दै प्रहरी आलोचित बन्यो। गत १२ माघमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमनका अधिकृत र प्रहरीबीच कुटाकुट भएको थियो। ड्युटी सकेर फर्कन लागेका अधिकृत छायालाल मोक्तानलाई चेकजाँच गर्ने क्रममा प्रहरीसँग उनको विवाद भएपछि कुटाकुट भएको थियो। गृह मन्त्रालयले गठन गरेको छानबिन समितिले यसमा असइ सञ्जय तामाङलगायतको गल्ती रहेको भन्दै निलम्बन गर्न सिफारिस गरेको छ। गत ६ फागुनमा प्रहरी प्रभाग बलम्बुमा प्रहरी निरीक्षक राजन श्रेष्ठले कार्यालयभित्रै गोली चलाए। गोलीको छर्रा लागेर प्रहरी जवानसहित दुईजना घाइते भएका थिए। सो विषयमा पनि काठमाडौं उपत्यका प्रहरी कार्यालयले छानबिन गरिरहेको छ। पुराना घटना सेलाउन नपाउँदै सोमबार संसद् भवनमा आन्दोलनकारी छिरेपछि उपत्यकाको सुरक्षा प्रबन्धमाथि गम्भीर प्रश्न उठेको छ। गृहमन्त्री श्रेष्ठले समेत यसमा असन्तुष्टि जनाएका छन्। उपत्यकाको सुरक्षाको नेतृत्व विशिष्ठ श्रेणाका प्रहरीको कमान्डमा हुन्छ। हाल एआइजी दीपक थापा उपत्यका प्रहरी कार्यालयको प्रमुख छन्।

आन्दोलनकारीमध्ये कसैले बम बोकेर गएको भए के हुन्थ्यो ? ५० जना मान्छे यसरी संसद् परिसर छिर्नुले सुरक्षा व्यवस्थापनमा चरम लापरबाही देखायो, यसले जुनसुकै ठाउँमा पनि सजिलै दुर्घटना हुन सक्छ भन्ने गलत सन्देश दिएको छ।



● **देवीराम शर्मा**, पूर्वप्रमुख, राष्ट्रिय अनुसन्धान विभाग



● **राजेन्द्रसिंह भण्डारी**, पूर्वएआइजी

पूर्वानुमानमा आधारित पुलिसिङले मात्र क्षति रोक्न सक्छ, हाम्रो प्रहरी बढी 'रियाक्टिभ' छ। योजनाबद्ध रूपमा आन्दोलनकारी संसद् भवन छिर्दा पनि चाल नपाउनु भनेको अत्यन्तै संवेदनशील विषय हो। प्रहरीको सेवा-सुविधादेखि मनोबलका विषय यसमा जोडिएको छ।

साढे दुई महिनामा प्रहरी चुकेका चार घटना

- **१४ फागुन** : आन्दोलनरत लघुवित्तपीडित बानेश्वरस्थित संसद् भवनमा प्रवेश
- **६ फागुन** : प्रहरी प्रभाग बलम्बुमा प्रहरी निरीक्षक राजन श्रेष्ठले कार्यालयभित्रै गोली चलाए
- **१२ माघ** : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमनका अधिकृत र प्रहरीबीच कुटाकुट
- **१३ पुस** : ललितपुरको बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्ने विषयलाई लिएर भएको प्रदर्शनमा प्रहरीको गोलीबाट अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतको मृत्यु

■ 'प्रोएक्टिभ पुलिसिङ'को आवश्यकतामा जोड

सूचना संयन्त्रमा आधारित 'प्रोएक्टिभ पुलिसिङ' अहिलेको आवश्यकता भएको पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी बताउँछन्। उनी योजनाबद्ध रूपमा आन्दोलनकारी संसद् भवन छिर्दा पनि चाल नपाउनु भनेको अत्यन्तै संवेदनशील विषय हो। प्रहरीको सेवा-सुविधादेखि मनोबलका विषय यसमा जोडिएको उनको विश्लेषण छ। प्रहरीहरू आफैं राज्यबाट पीडित रहेकाले पनि फिल्डमा कमजोरी बढ्दै गएको हुन सक्ने उनी बताउँछन्। राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख शर्माको विश्लेषणमा प्रमुख सुरक्षा निकायहरूबीच समन्वयको अभाव पनि सुरक्षा व्यवस्थापनमा एउटा समस्या हो। 'प्रहरीमा अलि बढी दम्भ हुन्छ, अन्य सुरक्षा निकायसँग समन्वय राम्रो छैन,' उनी भन्छन्, 'सुरक्षामा चुकको एउटा कारण सुरक्षा निकायबीच बलियो समन्वय अभाव पनि हो।' पछिल्लो आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थाले आगामी दिनमा समाजमा थप अराजकता र आक्रोश बढ्ने र त्यसले सुरक्षा चुनौती अझै बढाउने उनको विश्लेषण छ।

■ भुत्ते हुँदै सूचना संयन्त्र

सोमबार दिउँसो लघुवित्तका ऋणीहरू संसद् भवन प्रवेश गर्दै छन् भन्ने सूचना सञ्चारकर्मीहरूले आधा घन्टाअघि नै पाएका थिए। सोहीअनुसार उनीहरू संसद् भवन रहेको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको गेटमा कुरेर बसेका थिए। तर, त्यति सूचना राज्यका कुनै पनि सुरक्षा निकायले पाउन सकेनन्। यसले देशको सूचना संयन्त्र कति भुत्ते भन्दै गएको छ भन्ने स्पष्ट हुन्छ। संसद् भवनआसपास राज्यका चारैतिर सुरक्षा निकाय खटिएका हुन्छन्। कसैले पनि अति संवेदनशील क्षेत्रको सामान्य सूचना प्राप्त गर्न नसक्नुले राज्यको सूचना संयन्त्रको बेहाल अवस्था दर्साउने नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी बताउँछन्। सूचना संकलनकै लागि राष्ट्रिय अनुसन्धान विभाग छ। तर, विभाग यति कमजोर हुँदै गएको छ कि सामान्य सूचनामा समेत उसको पहुँच देखिँदैन। विभागको व्यावसायिकता खस्कँदै गएको बालकुमारी घटनादेखि संसद्को घटनाले देखाएको छ। अति संवेदनशील क्षेत्रआसपास नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले पनि सादा पोसाकमा आफ्ना कर्मचारी सूचना संकलन र निगरानीका लागि खटाउँदै आएको छ।

■ गृह मन्त्रालय र प्रहरी संगठनको ध्यान सरुवा-बढुवामा

सुरक्षामा पटक-पटक कमजोरी भइरहँदा गृह मन्त्रालय र प्रहरी नेतृत्वको ध्यान भने बढी प्रहरी कर्मचारीको सरुवा-बढुवामा छ। गृह र प्रहरीको टक्करकै कारण प्रहरीको नियमित सरुवा-बढुवा हुन सकेका छैनन्। समयमा वृत्ति विकास नहुँदा कर्मचारीमा नैराश्यता छ। फिल्डमा लापरबाही देखिनुको एउटा कारण यो पनि भएको प्रहरी अधिकारीहरू बताउँछन्।

प्रहरीमा गत असारदेखि डिएसपीका पद रिक्त छन्, तर कसलाई बढुवा गर्ने भन्ने विवादले बढुवा समितिको बैठक बस्न सकेको छैन। रिक्त आठ पदमा १२ डिएसपी प्रतिस्पर्धामा छन्। वरीयतामा सबैभन्दा पछि रहेका डिएसपीलाई बढुवा गर्नैपर्ने गृहको दबाबका कारण बढुवा हुन नसकेको प्रहरी स्रोत बताउँछ। जब कि बढुवाका प्रतिस्पर्धी रहकै डिएसपीको ब्याचका अन्य अधिकृतको डेढ वर्षअघि नै बढुवा भइसकेको छ। सोही ब्याचका अन्य अधिकृतमाथि भने शक्तिकेन्द्रको चलखेलले अन्याय भएको छ।

सरुवामा पनि त्यस्तै अवस्था छ। गृह र प्रहरी प्रधान कार्यालयकै टक्करले सामान्यतया एक वर्षको अवधिमा हुने एसपीको सरुवा १३ महिनामा भयो। त्यसमा पनि राजनीतिक नेतृत्व हाबी भएको छ।

अहिले डिएसपी सरुवामा पनि त्यस्तै अवस्था छ। गत महिना नै धेरै प्रहरी कार्यालयका प्रमुखहरूको एक वर्षको अवधि पुगिसकेको छ। सरुवा सूचीमा सहमति नभएकै कारण १३ महिनासम्म निर्णय हुन सकेको छैन।

सरुवामा कतिसम्म हस्तक्षेप हुन्छ भन्ने कुरा ललितपुरमा एसएसपी सरुवामा देखियो। बालकुमारीको गोलीकाण्डपछि ललितपुरका एसएसपी सिद्धिविक्रम शाहलाई हटाएपछि नयाँ एसएसपी पठाउन एक साता लागेको थियो। ललितपुर जान एसएसपीहरूको चौतर्फी दबाबपछि समयमा सरुवा गर्न गृह मन्त्रालयलाई धेरै समय लागेको थियो। प्रहरीका हरेक सरुवा-बढुवामा क्षमताका आधारमा भन्दा पनि पहुँचका आधारमा निर्णय हुँदा पनि शान्तिसुरक्षा कमजोर हुँदै गएको प्रहरी अधिकारी बताउँछन्।

HELVETAS NEPAL

REQUEST FOR PROPOSAL

For the selection of Training Management Institutes for the implementation of Earthquake Resilient Mason Training

Date of publication: 28 February 2024 (recurrent)

Skills and Reconstruction Project (SRP) having overall goal of "the programme is to contribute to the reconstruction ensuring gender sensitivity and social inclusion in the delivery, leaving no-one behind" is a Swiss Agency for Development and Cooperation SDC project implemented by Helvetas Nepal. SRP/Helvetas Nepal intends to call for proposals from the eligible and interested Technical and Education Service Provider-T&E to implement EQ resilient mason skill training and reconstruction. The detail RFP can be obtained from **notice.helvetasnepal.org**.

Skills and Reconstruction Project (SRP) /Helvetas Nepal
Lalitpur-3, Bakhundole, Lalitpur
G.P.O. Box - 688, Kathmandu, Nepal
Email: procurement.np@helvetas.org

नबिल बैंक लिमिटेड, अलिताल शाखा, डडेल्धुराको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा, मिति २०७२/०२/१४ मा प्रा.फ.र.नं. १२१/९४६/०७१/०७२ अन्तर्गत दर्ता भएको **श्री विशाल फेन्सी पसल।**
ठेगानाः डडेल्धुरा जिल्ला परशुराम न.पा. वडा नं. १२, कैनपानी डडेल्धुरा।

ऋणी फर्मका प्रोप्राइटर :
परुवा धामीको नाति, खिन्टे धामीको छोरा, डडेल्धुरा जिल्ला जोगबुढा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल डडेल्धुरा जिल्ला परशुराम न.पा. वडा नं. १२ बस्ने, नागरिकता नं. ९४४४, नागरिकता प्रदान गर्ने कार्यालय ई.प्र.का.: जोगबुढा डडेल्धुरा, मितिः वि.सं. २०६०/०७/०५ भएको **श्री भक्त बहादुर धामी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

खष्टे महराकी छोरी, खिन्टे धामीकी बुहारी, भक्त बहादुर धामीकी श्रीमती, डडेल्धुरा जिल्ला परशुराम न.पा. वडा नं. १२ बस्ने, नागरिकता नं. ७४३०१२/२२९९, नागरिकता प्रदान गर्ने कार्यालय ई.प्र.का.: जोगबुढा डडेल्धुरा, मितिः वि.सं. २०६३/११/०२ भएकी **श्रीमती रम्भा देवी धामी।**

धितोको विवरण

डडेल्धुरा जिल्ला जोगबुढा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल डडेल्धुरा जिल्ला परशुराम न.पा. वडा नं. १२ बस्ने, **श्री भक्त बहादुर धामी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको डडेल्धुरा जिल्ला जोगबुढा गा.वि.स. वडा नं. १ सिट नं. १घ मा अवस्थित कि.नं. ३७ क्षेत्रफल ५-४-२-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका

ऋणीलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/००/००, नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको घर कर्जा तथा बैंकिङ्ग सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईंहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै जमानतकर्ताहरूले यसै सुचना समेतलाई आधार मानी ऋणीलाई उल्लिखित समयावधि भित्रै कर्जा चुक्ता गरी आफ्नो दायित्व फरफारक गर्न उत्प्रेरित गर्नहुनु आग्रह गर्दछौं।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको नयाँ बानेश्वर, काठमाडौंमा रहेको ऋण असुली विभाग वा शाखा कार्यालय वा तपाई ऋणीहरूलाई पायक पर्ने यस बैंकको कुनै पनि शाखामा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्र्यौट गर्न गराउन हुन सुचित गरिन्छ। अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं।

तपसिल

सि.नं.	ऋणी तथा जमानतकर्ताको नाम, थर र वतन	कर्जाको प्रकार/ धितोको विवरण
१.	**ऋणी तथा धितो जमानीकर्ताः श्री हरिलाल पौडेलकी** बुहारी, **श्री अनन्त पौडेलकी** पत्नी, **श्री टेकनाथ भण्डारीकी** छोरी, काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ७, स्थायी ठेगाना भै हाल भक्तपुर जिल्ला, बालकोट वडा नं. ०४, बस्ने वर्ष ६१ की **श्रीमती मञ्जु पौडेल** (ना.प्र.नं. १५९५/४९२८२/३५०६, जारी मितिः २०५०।०१।१८, जि.प्र.का. काठमाण्डौ) **सहऋणी तथा व्यक्तिगत जमानीकर्ता : श्री हरिलाल पौडेलको** नाती, **श्री अनन्त पौडेलको** छोरा, संखुवासभा जिल्ला पाथीभरा वडा नं. ४, स्थायी ठेगाना हाल भक्तपुर जिल्ला, बालकोट वडा नं. ०४, बस्ने वर्ष ४० को **श्री अशोक पौडेल** (ना.प्र.नं. १०१७/५७, जारी मितिः २०५६।२।३१, जि.प्र.का. भक्तपुर)	१. **मञ्जु पौडेलको** नाममा मालपोत कार्यालय भक्तपुर, मालपोतको लगतमा दर्ता श्रेष्ठा कायम रहेको भक्तपुर जिल्ला बालकोट वडा नं. ०४ स्थित कि.न ७६६ को क्षेत्रफल (रो-आ-पै-दा) ०-५-०-० घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
२.	**ऋणी तथा धितो जमानीकर्ता : श्री गुप्टे गुरूङ्गको** नाती, **श्री धन राम गुरूङ्गको** छोरा, खोटाङ्ग जिल्ला च्यानडाँडा वडा नं. ४, स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा वडा नं. १४, खुमलटार बस्ने वर्ष ४० को **श्री नबिन गुरूङ्ग** (ना.प्र.नं. १३२५६९/२०८६, जारी मितिः २०५७।३।२१, जि.प्र.का. खोटाङ्ग) **सहऋणी तथा धितो जमानीकर्ता : श्री धन राम गुरूङ्गकी** बुहारी, **श्री नबिन गुरूङ्गकी** पत्नी, श्री राजन कुमार रानाकी छोरी, कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ८, स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा वडा नं. १४, खुमलटार बस्ने वर्ष ३१ की **श्रीमती अनिषा राना** (ना.प्र.नं. ४६१००१/४८३६, जारी मितिः २०६५।७।२४, जि.प्र.का. कास्की)	२. **नबिन गुरूङ्ग र अनिषा रानाको** नाममा मालपोत कार्यालय काठमाण्डौको लगतमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा न. १० स्थित कित्ता नं. २९० क्षेत्रफल रोपनी/व.मि. ०– ४–०–० / १२७.१८ व.मी. र कित्ता नं. ४१५ क्षेत्रफल रोपनी/व.मि. ०– १–१–० / ३९.७५ व.मी. को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
३.	**ऋणी तथा धितो जमानीकर्ता : श्री तेज प्रसाद पोखरेलको** नाती, **श्री राम प्रसाद पोखरेलको** छोरा, साबिक काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ५, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १६, कागेश्वरी मनहरा आदर्श मार्ग बस्ने वर्ष ४२ को **श्री पुष्पराज पोखरेल** (ना.प्र.नं. १२३६९, जारी मितिः २०५६।२।१२, जि.प्र.का. काठमाण्डौ) **सहऋणी : श्री राम प्रसाद पोखरेलकी** बुहारी, **श्री पुष्पराज पोखरेलकी** पत्नी, **श्री शिव मंगल श्रेष्ठकी** छोरी, काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ७, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १६, कागेश्वरी मनहरा आदर्श मार्ग बस्ने वर्ष ३९ को **श्रीमती सबिना श्रेष्ठ** (ना.प्र.नं. ७६०१/९५९, जारी मितिः २०५८।९।१३, जि.प्र.का. काठमाण्डौ)	३. **पुष्पराज पोखरेलको** नाममा मालपोत कार्यालय चावहिल, मालपोतको लगतमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ०५ भद्रवास स्थित कि.न ७०९ को क्षेत्रफल(रो-आ-पै-दा)/बर्ग.मि ०-५-०-२/१६२.९६ बर्ग.मि घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
४.	**ऋणी तथा धितो जमानीकर्ता : श्री मणि प्रसाद उपाध्याय रेग्मीकी** बुहारी, **श्री भुवन प्रसाद रेग्मीकी** पत्नी, **श्री पदम प्रसाद भण्डारीकी** छोरी, सिन्धुली जिल्ला हत्पत्ते वडा नं. ५, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला, चन्द्रागिरी वडा नं. ०६, बस्ने वर्ष ४० की **श्रीमती शर्मिला भण्डारी (रेग्मी)** (ना.प्र.नं. ५००, जारी मितिः २०६२।०५।१६, जि.प्र.का. रौतहट) **ऋणी तथा धितो जमानीकर्ता : श्री मणि प्रसाद उपाध्याय रेग्मीकी** बुहारी, **श्री लोक प्रसाद रेग्मीकी** पत्नी, **श्री उत्तम कुमार दाहालकी** छोरी, सिन्धुली जिल्ला हत्पत्ते वडा नं. ७, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला, चन्द्रागिरी वडा नं. ०६, बस्ने वर्ष ३१ की **श्रीमती सुजिता कुमारी दाहाल** (ना.प्र.नं. २०१०४९/७५, जारी मितिः २०६७।३।२, जि.प्र.का. सिन्धुली) **ऋणी : श्री भक्ती बिलाश रेग्मीको** नाती, **श्री मणी प्रसाद उपाध्याय रेग्मीको** छोरा, रौतहट जिल्ला लक्ष्मीनिया वडा नं. ०८, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ०६, चन्द्रागिरी बस्ने वर्ष ४० को **श्री लोक प्रसाद रेग्मी** (ना.प्र.नं. १३३३, जारी मितिः २०५८।२।३१, जि.प्र.का. रौतहट) **सहऋणी : श्री भक्ती बिलाश रेग्मीको** नाती, **श्री मणी प्रसाद रेग्मीको** छोरा, रौतहट जिल्ला लक्ष्मीनिया वडा नं. ०८, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ०६, चन्द्रागिरी बस्ने वर्ष ४४ को **श्री भुवन प्रसाद रेग्मी** (ना.प्र.नं. २५४, जारी मितिः २०५४।४।१४, जि.प्र.का. रौतहट)	४. **सुजिता कुमारी दाहाल** र **शर्मिला भण्डारी रेग्मीको संयुक्त** नाममा मालपोत कार्यालय कलंकी, मालपोतको लगतमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. ०४ थानकोट महादेवस्थान स्थित कि.न ६०४ को क्षेत्रफल (रो-आ-पै-दा)/बर्ग.मि ०-३-२-०/१११.२७ बर्ग.मि घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
५.	**ऋणी तथा धितो जमानीकर्ता : श्री टोप बहादुर सिंखडाकी** बुहारी, **श्री भक्त बहादुर सिंखडाकी** पत्नी, **श्री लाल बहादुर थापाकी छोरी**, धादिङ्ग जिल्ला ढोला वडा नं. २, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ वडा नं. ०४, बस्ने वर्ष ६२ को **श्रीमती शान्ती माया सिंखडा** (ना.प्र.नं. १६२६०, जारी मितिः २०४४।९।९, जि.प्र.का. नुवाकोट) **सहऋणी : श्री टोप बहादुर सिंखडाको** नाती, **श्री भक्त बहादुर सिंखडाको** छोरा, धादिङ्ग जिल्ला ढोला वडा नं. २, स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ वडा नं. ०४, बस्ने वर्ष ३७ को **श्री इश्वर सिम्खडा** (ना.प्र.नं. २६/८, जारी मितिः २०६१।५।१३, जि.प्र.का. धादिङ्ग)	५. **शान्ती माया सिंखडाको** नाममा मालपोत कार्यालय चावहिल, मालपोतको लगतमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला बुढानिलकण्ठ वडा नं. ०४ स्थित कि.न २७२३ को क्षेत्रफल(रो-आ-पै-दा)/बर्ग.मि ०-४-२-०/१४३.०८ बर्ग.मि घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

गुठीपीडित किसानको सडक आन्दोलन

दाङका किसानले पुस्तौँदेखि जोतभोग गर्दै आइरहेको जमिनको स्वामित्व नापी गरी भोगचलनका आधारमा तिनै किसानलाई दिँदा ठूलो न्याय हुनेछ



● विश्वास नेपाली

अग्रलेख

दाङका स्वर्गद्वारी गुठीपीडित किसान यतिबेला सडक आन्दोलनमा उत्रिएका छन् । जिल्ला प्रशासन कार्यालयअघि सडकमै बस्ने, सडकमै खाने, सडकमै सुत्ने गर्दै आन्दोलन गरिरहेका छन् । गत फागुन ८ देखि सुरु भएको गुठीपीडित किसान आन्दोलन अझै जारी छ । धर्नामा बसेका किसानले राज्यलाई भनिरहेका छन्- हामीलाई धेरै झुक्याइयो, अब पुर्जा देऊ ! लालपुर्जा नलिई फर्कन्नौँ ।

किसानहरू अचानक सडक आन्दोलन या संघर्षमा होमिएका होइनन् । वर्षौंदेखिका पीडा, दुःख र अन्याय सहँदै आएका किसान असह्य भएपछि आन्दोलित हुन बाध्य भएको बताइरहेका छन् । यसअघि पनि उनीहरूले पटक-पटक आन्दोलन गरे, राजनीतिक दल, सरकारका प्रतिनिधिसँग भेटे । समस्या सुनाए । पीडा पोखे । मागपत्र बुझाए । सुनुवाइ भयो तर, कार्यान्वयन भएन । किसानले धेरै आश्वासन पाए, तर लालपुर्जा पाएनन् ।

८ फागुनका दिन गुठीपीडित झन्डै चार हजार किसान घोराहीको सडकमा उर्लिए । साथमा कृषि औजार ल्याए । बृहत् ज्याली गरे । नारा लगाए, 'गुठी जग्गा रैकर गर ।' 'गुठीपीडित हुने भए बेघरबार, किसानलाई लालपुर्जा देऊ सरकार !' दिनहुँ पाँच सयभन्दा बढी किसान प्रतिनिधि अहिले जिल्ला प्रशासन कार्यालयको गेटैअगाडि अनिश्चितकालीन धर्नामा छन् । गाउँगाउँबाट किसानले उठाई ल्याएका/पठाएका चामल, दाल, गुन्द्रुक, आलु पकाएर खान्छन् र सडकमै सुत्छन् । सडकमै बसेर एकअर्काको पीडा सुन्छन् र सुनाइरहेका छन् । अनि केहीले सांस्कृतिक प्रस्तुतिमार्फत राज्यलाई आफ्नो पीडा र वेदना सुनाइरहेका छन् ।

किसानको माग ठूलो छैन । नयाँ जग्गा कतैबाट ल्याएर देऊ भनेका पनि छैनन् । राज्यलाई कुनै भार पर्ने पनि होइन । पुस्तौँदेखि बसोवास गरेको, जोतखन गरेको, जीविका जोडिएको जग्गाको स्वामित्व मागेका हुन् । जसको लालपुर्जा किसानलाई दिँदा राज्यलाई कुनै घाटा पर्ने देखिँदैन । बरु यो त उनीहरूको अधिकार हो ।

जग्गा छ दाङमा, मन्दिर छ प्युठानमा । स्वर्गद्वारी गुठीको मात्रै २६ हजार रोपनी जग्गा छ । सोमध्ये दाङमा मात्रै एक हजार ५० बिघा छ । जुन जग्गा अधिकांश थारू/चौधरीले खनजोत गर्छन् । आजकल पूजाआजा चलाउन किसानको आयस्तामा भर पर्नुपर्ने अवस्था पनि छैन । काठमाडौं उपत्यकालगायतको जस्तो गुठी प्रचलन पनि छैन । पूजाआजा नियमित गर्ने हो भने स्थानीय सरकार अथवा समुदाय-समुदाय मिलेर केही नगद उठाएर पनि धर्म संस्कार चलाउन सकिन्छ । तर, मानिसको जीविका र सम्पत्तिसँग जोडिएको भूमिको स्वामित्व किसानसँग नहुँदा साह्रै दुःख पाइरहेका छन् । भूस्वामित्व नहुँदा बदलिँदो परिवेशमा किसानलाई बाँच्नसमेत कठिन छ । यसतर्फ राज्यको ध्यान नजाँदा किसानहरू पटक-पटक संघर्षपूर्ण आन्दोलनमा उत्रिनुपर्ने अवस्था आउनु दुःखद पक्ष हो ।

अहिले आन्दोलनमा उत्रिएका गुठीपीडित किसानका प्रतिनिधि गत २३ देखि २८ पुससम्म संघीय राजधानी काठमाडौं आएका थिए । ११ जना गुठीपीडित किसानका प्रतिनिधि मण्डलसँगै हामी सिंहदरबारभित्र विभिन्न मन्त्रालयमा करिब एक हप्ता चहार्‍यौं । सांसद्लाई पनि भेटी आफ्ना पीडा सुनाएका थियौं- गुठीले किसानलाई पीडा दियो, अब छुट्कारा दिलाइदिन भूमिका खेलिदिनुहोस् । भेटिएका सबैले हुन्छ भने, हुँदैन कसैले भनेनन् । सिंहदरबारमा प्रधानमन्त्री प्रचण्डले करिब १० मिनेटजति समय दिनुभयो, किसानका कुरा सुन्नुभयो । ज्ञापनपत्र बुझ्दै भन्नुभयो, अब संसद् खुल्नेबित्तिकै गुठी विधेयक अघि बढाउँछौं र गुठी समस्याको हल गर्छौं । अहिले आन्दोलन नगर्नुहोस् ।

राजधानी आएका गुठीपीडितले प्रधानमन्त्री प्रचण्ड, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री रन्जिता श्रेष्ठ चौधरी, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, सञ्चारमन्त्री रेखा शर्मा, भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वालालगायतलाई मन्त्रालयमै गएर भेटी पीडा पोखे र मागपत्र पेस गरे । यस्तै, संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोतसाधन समितिका सभापति डा.आरजु राणा देउवा, पूर्वगृहमन्त्री एवं रास्वपाका सभापति रवि लामिछाने, कांग्रेस महामन्त्री गगन थापा, पूर्वमन्त्री मेटमणि चौधरीलगायतलाई पनि भेटी गुठी विधेयक अघि बढाएर किसानको समस्या समाधान गरिदिन आग्रह गरेका थिए । किसानका पीडा सुन्दा डा.आरजु राणा आफ्नो कार्यकक्षमा किसानसँगै रोएकी पनि थिइन् । प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, मन्त्री र सांसदहरूले



भनेअनुसार रोकिएको संसद् खुल्यो । हिउँदे अधिवेशन जारी छ । तर, किसानसँग उनीहरूले गरेको वाचाअनुसार गुठी विधेयक टेबल भएन । त्यसबारे छलफलसमेत भएको छैन । त्यही भएर किसानले फेरि एकपटक सडक आन्दोलनमा आउनु बाध्यता भएको बताएका छन् ।

स्वर्गद्वारी गुठीको दाङ जिल्लामा मात्रै १२ मौजा (भिङगौरा, ढोरेनी, पढ्डा, नैनवार, रामपुर, पलासे, उचानिम्बु, अर्नहवा, चैलाही, सुर्केडाँगी, शाहीपुर र वनगाउँ) छन् । त्यसमा आश्रित तीन हजार पाँच परिवारका करिब १६ हजार जनसंख्या छन् । कुल एक हजार ५० बिघा जमिनमा किसानले खेतीपातीसँगै बसोवाससमेत गर्दै आएको पुस्तौँ बित्यो, तर स्वामित्व भने स्वर्गद्वारी गुठीकै नाममा रहेको छ ।

> दाङका किसानको माग ठूलो छैन । नयाँ जग्गा कतैबाट ल्याएर देऊ भनेका पनि छैनन् । राज्यलाई कुनै भार पर्ने पनि होइन । पुस्तौँदेखि बसोवास गरेको, खनजोत गरेको, जीविका जोडिएको जग्गाको स्वामित्व मागेका मात्र हुन् । जसको लालपुर्जा किसानलाई दिँदा राज्यलाई कुनै घाटा पर्ने देखिँदैन ।

यसरी गुठीका कारण स्वामित्वविहीन भएका किसान जमिनको स्वामित्व आफ्नो बनाउन संघर्ष गरिरहेको आन्दोलनमा सहभागी युवा अगुवा प्रवीण दहित चौधरीले बताए । यसरी जमिनको स्वामित्वको लडाइँमा अहिले तेस्रो (नाति/नातिनी) पुस्ता सरिक छन् । यसअघि दुई पुस्ता लडे, जग्गा आफ्नो बनाउन सकेनन्, तर अब हामी अन्तिम लडाइँमा छौं, स्वर्गद्वारी गुठीपीडित मोही किसान संघर्ष समितिका उपसचिवसमेत रहेका प्रवीण दहित चौधरीले भने ।

यतिबेलासम्म किसानले सो जग्गाको स्वामित्व लिइसक्थे होला । तर, १४ चैत ०६२ मा आएको सर्वोच्च अदालतको एउटा फैसला बाधक भइदियो । सर्वोच्चको संयुक्त इजलासबाट '१९९६ को ताम्रपत्रमा व्यक्त गरिएको महाप्रभुको इच्छाअनुसार आश्रमकै शिष्य प्रशिक्षकबाट सञ्चालन हुनुपर्ने र श्री ५ को सरकार र गुठी संस्थानबाट संरक्षित विशेष प्रकृतिको निजी गुठी भएको देखिँदा सो आश्रमको स्वायत्ततामा आँच पुग्ने गरी कुनै हस्तक्षेप नगर्नु, नगराउनु र यज्ञको होमादि कार्य खण्डित हुन नदिन स्वर्गद्वारी आश्रमको नाममा दर्ता रहेको जग्गा कुनै पनि किसिमले खण्डित र हिनामिना हुन नदिन आवश्यक संरक्षण प्रदान गर्नु-गराउनु भनी विपक्षीहरू भूमि सुधार तथा व्यवस्था मन्त्रालय र गुठी संस्थान केन्द्रीय कार्यालयका नाममा परमादेशसमेत जारी हुने' भन्दै न्यायाधीश रामप्रसाद श्रेष्ठ र दामोदरप्रसाद शर्माले किसानको विपक्षमा फैसला गरिदिँदा किसान साह्रै मर्कामा परेका छन् ।

गुठी संघर्ष समितिका अध्यक्ष प्रभु चौधरी भन्छन्, हामी किसान साह्रै अन्यायमा पर्‍यौं । जग्गा रैकर गरीदिन माग गर्‍यौं, राज्यले सुनेन । हाम्रा बाजे, बराजु र हामीले पनि दुःख र हन्डर खेप्यौं । तर, अब नयाँ पुस्ताले दुःख नपाऊन् भनेर हामी आन्दोलनमा उत्रिएका हौं ।

पहिले जग्गा किसानकै हो । तर, पछि देवताको नाममा जग्गा राखिदिँदा अहिले किसानले धेरै दुःख पाइरहेका छन् । आफ्नै जग्गाको लालपुर्जा लिन कहिले सिंहदरबार त कहिले प्रदेश मन्त्रालय, कहिले गुठी संस्थान त कहिले राजनीतिक दलको कार्यालयमा धाउँदाधाउँदै सास्ती खेपिरहनुपरेकोप्रति किसान दुःखी छन् । पहिले आफैं जग्गाधनी भएका किसान अहिले स्वर्गद्वारी गुठीका मोही बन्न पुगेका छन् र जमिनको स्वामित्व आफ्नै नाममा लिएर रैकर गराउन संघर्ष गराइरहेका छन् । राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष ल्यामबहादुर दर्जी भन्छन्, गुठी समस्याले वर्षौंदेखि किसान समस्यामा छन्, उनीहरू भूमिहीन सुकुम्बासीसरह छन् । उनीहरूले अहिले खोजेको हक भोगको अधिकार हो । जोतभोग गरेको जग्गामा कानुनी स्वामित्व नभएका कारण किसान समस्यामा छन् । यस विषयमा गुठीयार, नेता, राजनीतिक नेतृत्व, पूजारी, नागरिक समाजका अगुवा, लेखक, प्राध्यापक सबैले बुझ्नुपर्ने र बोल्नुपर्ने हुन्छ । एकातिर हामी सुखी नेपाली र समृद्ध नेपालको कल्पना गरिरहेका छौं भने अर्कातिर धेरै मानिस भूमिहीन छन् ।

२०७६ वैशाखमा तत्कालीन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले 'गुठीसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक, २०७५' राष्ट्रिय सभामा छलफलका लागि दर्ता गराउनेबित्तिकै काठमाडौं उपत्यकामा गुठियारले प्रदर्शन चर्काएपछि रोकिएको विधेयक झन्डै पाँच वर्ष बित्न लाग्दासमेत पुनः अघि बढेको छैन । नेपालको संविधान २०७२ को दफा- २९० मा गुठीसम्बन्धी व्यवस्थामा भनिएको छ, गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसद्ले आवश्यक कानुन बनाउनेछ । अनुसूची ६ को प्रदेशको अधिकार सूचीको बुँदा २१ मा गुठी व्यवस्थापन प्रदेश सरकारको जिम्मेवारीमा छ । नेपालको संविधानको धारा ५१, को उपधारा 'ङ' मा कृषि र भूमि सुधारसम्बन्धी नीतिगत व्यवस्थामा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने, किसानलाई प्राथमिकता दिएर भूमि सुधार गर्नुपर्नेमा जोड दिइएको छ । अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्ने, किसानको हकहित संरक्षण गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन व्यवसायीकरण गर्ने गरी भूउपयोग नीति बनाउनुपर्नेमा जोड दिइएको छ । यो व्यवस्थाले गुठीको जमिन जोतभोग गरेका किसानलाई जमिनको स्वामित्व दिने गरी आवश्यक कानुनी व्यवस्था गर्न सरकारलाई निर्देशित गरेको छ ।

सरकारले अहिलेको परिवर्तित अवस्थालाई ध्यान दिँदै गुठी ऐनको संशोधन एवं परिमार्जन गर्नु जरुरी छ । काठमाडौं उपत्यकालगायत ठाउँ विशेषको गुठीको सन्दर्भमा फरक कानुन बनाएर त्यसको संरक्षण गर्नुपर्छ । तर, जो किसानको जीविका र आवास नै त्यही जमिनमा जोडिएको छ, पुस्तौँपुस्ता बितेको छ, उनीहरूका लागि जग्गा रैकर गरी यस्तो समस्याबाट मुक्ति दिनुपर्छ । किसानले जोतभोग गर्दै आइरहेको जमिनको स्वामित्व नापी गरी भोगचलनका आधारमा किसानलाई नै दिँदा ठूलो न्याय हुनेछ । यसरी सधैं किसानलाई आन्दोलित बनाइराख्नु लोकतन्त्रमा जनतामाथिको सत्ता राजनीतिको भद्दा मजाकसिबाय केही होइन ।

---

३ प्रश्न



अर्थशास्त्री **डा. डिल्लीराज खनाल**लाई

तीन महिनाअगावै संसद्मा छलफलका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पेस गर्नुको प्रभाव के हुन सक्छ ?

छलफलका लागि प्रशस्त समय दिएर तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकता संसद्मा आउनुलाई सकारात्मक मान्नुपर्छ । हतारमा छलफल गरेर विधि मात्रै पूरा गर्नेभन्दा अब विस्तृत रूपमा छलफल हुने भएको छ । अहिले व्यापक छलफल गरेर आन्तरिक रूपमा सम्बोधन गर्नुपर्ने विषयलाई समेट्न सक्ने मौका मिलेको छ । तर, समय पर्याप्त छ भन्दैमा सांसदले बतासे कुरा गरेर खेर फाल्नु भएन । गहन रूपमा छलफल गरेर सरकारले पनि अर्थपूर्ण विषयलाई समेटेर बजेट ल्याउनुपर्ने हुन्छ ।

सरकारले ल्याएको यो दस्ताबेजभित्रका विषयवस्तुलाई कसरी विश्लेषण गर्नुहुन्छ ?

बजेट निर्माणको प्रक्रियामा फेरबदल गरे पनि विषयवस्तुमा भने सरकारले पुरानै प्रवृत्तिलाई निरन्तरता दिएको छ । सिद्धान्त र प्राथमिकतामा उल्लिखित विषयहरू क्रमभंगताका हिसाबले ठीक भएनन् । अहिले अर्थतन्त्रलाई सुधार गर्ने वा लयमा फर्काउने विषयमा सरकारबाट ठोस विषय आएन । बजेट कार्यान्वयनको स्थिति कमजोर भन्ने स्विकारिएको छ, तर समाधानको दरिलो आधार सरकारबाट आएन । यो दस्ताबेजको विषयवस्तु 'न घरको, न घाटको' जस्तो भो । सिद्धान्तका हिसाबले छरिएर आएको छ ।

सिद्धान्त र प्राथमिकतामा कस्ता विषय उल्लेख गर्नुपर्थ्यो ?

दिगो विकासको लक्ष्य (एसडिजी) मा मात्रै केन्द्रित गरेर प्राथमिकता निर्धारण गरिएको भए अरू केही उल्लेख गर्नैपर्ने थिएन । त्यसमा के छैन र ? निजी क्षेत्रमा आत्मविश्वास बढाउने र सम्पूर्ण गतिविधिलाई रोजगारीसँग जोड्ने किसिमका कार्यक्रम प्राथमिकतामा आउनुपर्थ्यो । सिद्धान्त र प्राथमिकताले छुटाएको जस्तो देखिँदैन, तर यसबाट रूपान्तरणको अपेक्षा गर्न सकिँदैन ।

प्रेरक प्रसंग

म किन दुःखी हुनु ?

मिर्मिरे उज्यालो हुनासाथ एक भिखारी भिक्षाटनका लागि आफ्नो कुटीबाट निस्किए । टोलका विभिन्न घरघर चहारेर उनले भिक्षा संकलन गरे । घुम्दैफिर्दै उनी एउटा घरमा पुग्दा संयोगवश त्यस घरका घरधनी पनि प्रातः भ्रमणमा जानका लागि मूलढोकाबाट बाहिर निस्किए ।



ढोकाबाहिर भिखारी उभिएको देखेर उनले भिक्षादानका लागि यसो खल्तीमा हात घुसारे । तर, खल्तीमा केही पनि पाएनन् । उनी भित्र पसे, भिखारीलाई भिक्षादान दिनलायक खासै केही भेटेनन् । त्यसैले, उनी भान्छामा पसे र एउटा गिलास ल्याएर भिखारीलाई दिए । भिक्षादान पाएपछि भिखारी आफ्नो बाटो लागे ।

उता भिक्षादाताकी पत्नीले आफ्ना पतिले भिखारीलाई गिलास दिएको पत्तो लगाइहालिन् । उनले आत्तिँदै पतिलाई भनिन्- लौन नि ! यो के गर्नुभयो तपाईंले ? बिहान-बिहान एउटा भिखारीलाई भिक्षादानका नाममा त्यति महँगो चाँदीको गिलास दिनुभयो ? त्यो भिखारी त्यति टाढा पुगिसकेको छैन होला, दौडेर जानुहोस् र त्यो गिलास फिर्ता ल्याउनुहोस् ।

पत्नीको आदेश पाएपछि उनी हतारिँदै भिखारीको खोजीमा दौडिए । एकैछिनमा उनले भिखारीलाई भेटे । हतारिँदै भिखारीको नजिकै गएर उनले खुसीसाथ भने- मैले भर्खरै तपाईंलाई दिएको गिलास चाँदीको रहेछ, त्यसलाई सस्तोमा नबेच्नुहोला है !

भिक्षादाताले भिखारीलाई भनेको यो कुरा उनका मित्रले सुनिरहेका थिए । मित्रले उनलाई भने- जब तपाईंलाई त्यो गिलास चाँदीको हो भन्ने थाहा थियो भने किन भिखारीबाट फिर्ता लिनुभएन ? भन्, खुसीसाथ उसलाई त्यो गिलास सस्तोमा नबेच्नु है भनेर सम्झाएर पो फर्किनुभयो नि ? भिक्षादाताले जवाफ दिए- जुन वस्तु मैले खुसीसाथ कसैलाई दिइसकेको छु भने त्यो सस्तो या महँगो जे भए पनि म किन दुःखी हुनु ? त्यसैले, म खुसी छु मित्र !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भक्तराजलाई श्रद्धासुमन

नेपाली सुगम संगीतका भक्त तथा भजनशिरोमणि भक्तराज आचार्यको देहावसानले स्वदेश तथा विदेशमा रहेका लाखौं संगीतप्रेमीलाई मर्माहत बनाएको छ । भजनशिरोमणि नामले प्रख्यात भक्तराज नेपाली सुगम संगीत क्षेत्रका अतुलनीय व्यक्तित्व हुन् । संगीत साधनामा लागेका विद्यार्थीका लागि विश्वविद्यालयकै रूपमा स्थापित उनका सिर्जनाले युगौंसम्म योगदान पुऱ्याइरहनेछन् । सांगीतिक क्षेत्रमा उनले पुऱ्याएको योगदानको जति चर्चा गरे पनि त्यो अपूरो, अधुरो नै रहनेछ । उनले राष्ट्रबाट के पाए, त्यो त थाहा भएन । तर, उनले भने देशलाई अनेकौं सुमधुर गीत, संगीत दिएर गए । झन्डै डेढ दशकजतिको अवधिमा राष्ट्रको सांगीतिक भण्डारमा उनले जति सिर्जना भित्र्याए, त्यतिले मात्र पनि नेपाली संगीतको क्षेत्रलाई उत्कृष्ट बनाएको छ । यस्ता महान् गायकको निधनप्रति हार्दिक श्रद्धाञ्जली !

● **महेशप्रसाद ढुंगाना**, नयाँबानेश्वर, काठमाडौं
maheshdhungana810@gmail.com

निर्देशन कार्यान्वयन गर

प्रधानमन्त्रीले दुग्ध किसानको बक्यौता तुरुन्तै भुक्तानी गराउन निर्देशन दिएको समाचार पढ्दा खुसी लाग्यो । तर, यस्ता अधिकांश निर्देशन सार्वजनिक खपतका लागि मात्रै दिने र कार्यान्वयन भने नगर्ने नेपालको अपसंस्कृति नै बनिसकेको छ । दुग्ध उत्पादक किसानको बक्यौतामध्ये ९० करोडभन्दा बढी त सरकारी संस्था डिडिसीले नै तिर्न बाँकी छ । यस्तोमा संस्थानको करोडौंको आम्दानी दुई वर्षदेखि आफ्नो व्यक्तिगत खातामा जम्मा गर्ने संस्थानको नेतृत्व के हेरिरहेको छ ? प्रधानमन्त्रीको निर्देशत तत्काल कार्यान्वयन गर ।

● **अमृता बम्जन**
टाँडी, चितवन

सरकारले ठीक गऱ्यो

सरकारले तीन महिनापूर्व नै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेर निकै सकारात्मक कामको सुरुआत गरेको छ । जहिल्यै हतारमा हचुवाको अनुमानको भरमा बजेट ल्याउने र मध्यावधि समीक्षाको नाममा बजेट घटाउने परम्परै बसिसकेको नेपालमा अहिलेको सरकारले यो नौलो परम्परा सुरु गरेर निकै राम्रो काम गरेको छ । अब छलफलबाट उठेका विषयवस्तुसमेत समेटेर बजेट ल्याइनुपर्छ । साथै, यो परम्परालाई पनि निरन्तरता दिनुपर्छ । सरकारले सुरु गरेको परम्परा ठीक छ । यसलाई निरन्तरता दिनुपर्छ ।

● **साजन कुइँकेल**
दुवाकोट, काठमाडौं

नेविसंघको भाँडभैलो कहिलेसम्म ?

कुनै समयको अत्यन्त जुझारु र अग्रणी विद्यार्थी संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) यतिखेर माउपार्टी कांग्रेसको गुटैगुटको कालो छायामा परेर टाक्सिएको छ । कांग्रेसको भ्रातृ संगठनका रूपमा स्थापित नेविसंघले स्थापनाकालयता विद्यार्थी हकहितका मुद्दासँगै राष्ट्रिय राजनीतिका जल्दाबल्दा मुद्दासमेत उठाएर आमविद्यार्थी र सर्वसाधारणको मन जितेको थियो । तर, यसको गर्विलो इतिहास एकादेशको कथा बनिसकेको छ । आज नेविसंघ माउपार्टी कांग्रेसको नेतृत्वको छाया बनेको छ । नेतृत्वले जस्तो धुनमा बाँसुरी बजाउँछ, त्यही तालमा नाच्नु नेविसंघका नेता, कार्यकर्ताको नियति बनेको छ । दाइ-भाउजूको इसारामा चल्नु नै नेविसंघको एकसूत्रीय कर्म बनेको छ ।

नेविसंघको केन्द्रीय समिति विस्तार भएको पनि सात महिना बितिसक्यो । तर, सात महिनामा पनि विस्तारित केन्द्रीय समितिको बैठकसम्म बस्न सकेको छैन । टीका थापेर नेतृत्वमा पुग्ने परम्परा नेविसंघको चिनारी नै बनिसकेको छ । नेविसंघको केन्द्रीय अधिवेशन नभएको कति भयो, सायद कांग्रेस नेतृत्व र नेविसंघका टीके नेतृत्वलाई थाहापत्तो छैन । टीके नेतृत्वले सामान्य बैठकसमेत बसाउन सकेको छैन । संस्थापन र इतर गरी यहाँ अनेकौं समूह क्रियाशील देखिन्छन् । जुनसुकै तहमा हेरे पनि नेविसंघका हरेक गतिविधिमा भाँडभैलो नै भाँडभैलो देखिन्छ । यसरी आफ्नो सबैभन्दा प्रभावशाली भ्रातृसंस्थामा भाँडभैलो मच्चिँदा पनि कांग्रेस नेतृत्व भने कानमा तेल हालेर निदाइरहेको छ । नेविसंघभित्रको यो भाँडभैलो कहिलेसम्म देख्नुपर्ने हो ?

● **सोनाम तामाङ**, गंगाहिटी, काठमाडौं

अकल्पनीय पीडाबीच गाजामा बालबालिका

रफाहमा शरण लिइरहेका गाजाका जनता सम्भावित ठूला सैन्य कारबाहीको भयावह यथार्थसँग बाँचिरहेका छन्



देश/विदेश

● क्याथरिन रसेल

गाजाको द्वन्द्वले २० साताको सीमा पार गरेको छ । अक्टोबरयता चलिरहेको युद्धले मानिसलाई दक्षिणतर्फ खुम्च्याइरहेको छ । मानिसहरू इजिप्टसँग सीमा जोडिएको गाजाको रफाह क्षेत्रमा धकेलिँदै छन् । पछिल्ला ६ सातामा मात्र रफाहको जनसंख्या तीन लाखदेखि १४ लाख पुगेको छ, जहाँ कैयौं साना बालबालिकासहितका विक्षिप्त परिवारले शरण लिइरहेका छन् । रफाहमा शरण लिइरहेका गाजाका जनता सम्भावित ठूला सैन्य कारबाहीको भयावह यथार्थसँग बाँचिरहेका छन् । शरण लिइरहेका जनताका लागि रफाहभन्दा दक्षिण जाने ठाउँ छैन र उत्तरतर्फ त कुनै सुरक्षित ठाउँ छैन ।

इजिप्टसँग जोडिएको रफाहको क्षेत्रफल २५ वर्गमाइल मात्र छ, तर रफाहको अहिले जनघनत्व न्युयोर्कभन्दा दोब्बर र वासिंटन डिसीभन्दा चार गुणा बढी छ । यी अमेरिकी सहरको जस्तो गगनचुम्बी भवन वा ठूला आवास क्षेत्र रफाहमा छैनन् । रफाहमा मानिस भिडभाडयुक्त अस्पताल र विद्यालय भवनमा ओत लागिरहेका छन् । यी भवनमा ६ लाख १० हजारभन्दा बढी बालबालिका अर्थात् करिब आधा विस्थापित जनता कैद भएका छन् । रफाहमा ओत लाग्न संघर्षरत जनता अकल्पनीय अवस्था सहिरहेका छन् । शरण लिएका जनता लामो समयदेखि चलिरहेको जाडो र हिउँदे वर्षा सहिरहेका छन् र सडक किनारालगायत खाली ठाउँ, जहाँ भेट्यो त्यहाँ त्रिपाल गाडेर बसिरहेका छन् । पहिल्यैदेखि पर्याप्त पीडा व्यहोरेको गाजाको यो सानो टुक्रामा अहिले थप अप्ठ्यारा र प्रताडना थपिएका छन् । केही सातायतादेखि रफाहमा सम्भावित सैन्य कारबाही हुने समाचार शीर्षक देखा परिरहेका छन् ।

रफाहमा विशाल जनघनत्व छ र त्यहाँ सुरक्षित खुला स्थानको कमी देखिन्छ । यस्तो अवस्थामा यदि कुनै ठूलो सैन्य हमला विशेषतः विस्फोटक हतियारको प्रयोग हुन्छ भने यसले अन्धाधुन्ध परिणाम निम्त्याउनेछ अर्थात् यस क्षेत्रमा फसेका आमजनता विशेषतः सबैभन्दा बढी जोखिममा रहेका बासिन्दाका लागि विपत्ति हुनेछ । हामीले यो विपत्ति गाजाका अन्य क्षेत्रमा देखिसकेका छौं, जहाँ पछिल्ला चार महिनामा २९ हजार नागरिक मारिएका छन् र मारिनेमा स्तब्ध पार्ने गरी ७० प्रतिशत बालबालिका एवं महिला छन् । रफाहमा हुने आक्रमणले मृत्यु हुने र घाइतेको संख्या उल्लेख्य रूपमा बढाउन सक्छ । यसबाहेक हिंसा, अत्यावश्यक सेवाको कमी र अत्यधिक जोखिममा रहेका जनतालाई दिइने मानवीय सहयोगमा हुने अवरोधले हजारौंको ज्यान लिन सक्छ । सम्भावित आक्रमणले पहिल्यैदेखि कमजोर रहेको कानुन व्यवस्थालाई थप कमजोर बनाउनेछ ।

गाजामै रहेका युनिसेफका कर्मचारी यस युद्धका क्रूर त्रासदीको साक्षी बनेका छन् । द्वन्द्वमा रहेका पक्षले नांगो रूपमा बालबालिकाविरुद्ध अपराध गरेका छन्, अर्थात् यसमा बालबालिकाको हत्या गर्ने, तिनलाई घाइते बनाउने, अपहरण गर्नेदेखि लिएर विद्यालय एवं अस्पतालमा हमला गर्ने र आधारभूत मानवीय सेवाबाट वञ्चित गराउनेसम्मका कृत्य छन् । गम्भीर जलन, अंगभंगको अवस्था, ठूला चोटपटक र अन्य आघात भएका बालबालिका बचेखुचेका केही अस्पतालमा भर्ना भइरहेका छन् । रफाहमा बालबालिकाको स्वास्थ्यका लागि आवश्यक अस्पताल, आश्रयस्थल, बजार र खानेपानी प्रणाली अझै पनि बाँकी छन् । यी संशाधनविना भोकमरी र रोगव्याधीमा बढोत्तरी हुनेछ, नतिजा थप बालबालिकाले ज्यान गुमाउनेछन् । अहिले पनि हामीले आकलन गरेअनुसार गाजाका पाँच वर्षमुनिका ९० प्रतिशत बालबालिकालाई एक वा बढी सरुवा रोग लागेको छ । त्यसैगरी दुई साताअघि ७० प्रतिशत बालबालिका झाडापखालाबाट ग्रस्त थिए र यो आँकडा सन् २०२२ को औसत झाडापखाला लाग्ने बालबालिकाको संख्याको २३ गुणा बढी हो । रफाहमा ठूलो सैन्य आक्रमण गर्नुपूर्व त्यहाँका आमजनतालाई हटाउने खबर आएको छ । तर, त्यहाँका आममानिस जाने कहाँ ? गाजाको अधिकांश हिस्सा धुलोपिठो भएको छ । आमजनतालाई जबर्जस्ती थप दक्षिणतर्फ स्थानान्तरण गर्न सकिँदैन । यी आमजनतालाई केहिले भन्ने गरेको गाजाको दक्षिण-पूर्वी तटमा रहेको सानो बस्ती अल मवासी सार्ने सल्लाह पनि भएको छ, तर यो सम्भव छैन, किनभने यो समुद्री तटीय बस्तीमा स्थानान्तरण गरिने जनसंख्याका लागि पर्याप्त शौचालय, खानेपानीलगायत पूर्वाधारको व्यवस्था छैन ।



तस्बिर : सिएनएन

अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लंघन गर्दै कैयौंपटकको युद्धका कारण रफाहका अधिकांश बालबालिका विस्थापित भएका छन् । युद्धको २०औं साता चलिरहँदा कैयौं बालबालिका घाइते, बिरामी र कुपोषणले ग्रस्त छन् र यी बालबालिकालाई अन्यत्र पुऱ्याउन अफ्ठ्यारो छ । हाम्रो अनुमानअनुसार कम्तीमा गाजामा १७ हजार बालबालिका टुहुरा बनेका छन् वा परिवारबाट छुट्टिएका छन् । र, यो संख्या आगामी दिनमा हुने विस्थापनसँगै बढ्नेछ ।

रफाह र वरपर थप सैन्य हमला रोक्न र गाजाभित्रका सबै बन्धकलाई तत्कालै सुरक्षित रूपमा रिहा गरिएको सुनिश्चित गर्न आवश्यक छ । यदि युद्धरत पक्षले यो आह्वानलाई ध्यान दिएनन् भने यी पक्ष थप हजारौं बालबालिकाको मृत्युका लागि जिम्मेवार हुनेछन् । द्वन्द्वरत पक्षले तुरुन्तै स्थायी मानवीय युद्धविराम लागू गर्नुपर्छ ताकि हाम्रो समूह र अन्य मानवीय एजेन्सीले ठूलो, बहु-निकाय योजना लागू गर्न मद्दत गर्न सक्छन्, जुन अत्यन्तै आवश्यक छ ।

म सख्त रूपमा अधिकारीहरूलाई थप सहायता टुक्लाई सीमाबाट प्रवेश गर्न, मानवतावादी कार्यकर्तामाथिको बन्देज हटाउन र सहायता प्राप्त गर्ने मानिसलाई बेरोकटोक सहायता लिनदिन आग्रह गर्छु । गाजाको विनाश र सर्वसाधारणको हत्याले यस क्षेत्रमा शान्ति वा सुरक्षा ल्याउनेछैन । यो केवल एक संवादयुक्त राजनीतिक समाधानबाट प्राप्त गर्न सकिन्छ, जसले इजरायली र प्यालेस्टिनी बालबालिकाको भविष्यका पुस्ताको अधिकार र भलाइलाई प्राथमिकता दिनेछ ।

(रसेल युनिसेफकी कार्यकारी निर्देशक हुन्)
सिएनएनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एक साताभित्र इजरायल–हमासबीच युद्धविराम हुने बाइडेनको दाबी

वासिंटन डिसी/ अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायल र हमासबीच सोमबारसम्म नयाँ युद्धविराम सम्झौता हुन सक्ने बताए। सम्झौताअन्तर्गत इजरायली जेलमा रहेका केही सय प्यालेस्टिनी बन्दीको बदलामा गाजामा बन्धक रहेका दर्जनौं बन्धकलाई मुक्त गर्न सकिनेछ। युद्धविराम गराउने लामो प्रयासमा इजिप्ट, कतार, अमेरिका, फ्रान्स र अन्यले इजरायल र हमासबीच मध्यस्थका रूपमा काम गर्दै आएका छन्। उनीहरूले ६ साताका लागि युद्ध रोक्न र गाजामा हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको आक्रमणले युद्ध सुरु भएपछि बन्दी बनाइएका इजरायली बन्दीहरूको रिहाइको माग गरिरहेका छन्।

सोमबारको सम्झौता कहिलेले देखि कार्यान्वयनमा जानेछ भन्ने पत्रकारको प्रश्नमा बाइडेनले भने, 'अर्को सोमबारसम्ममा युद्धविराम हुनेछ भन्ने आशा छ। हामी यसको नजिक छौं।' एक अज्ञात इजरायली अधिकारीले समाचार साइट येनेटलाई वार्ताको 'दिशा सकारात्मक' रहेको बताएका छन्। फ्रान्सेली राष्ट्रपतिका अनुसार कतारका अमिर सेख तमिम बिन हमद अल-थानी यसै



उद्देश्यका लागि मंगलबार पेरिस जाँदै छन्। त्यहाँ दुई नेताबीच राजकीय रात्रिभोज हुने फ्रेन्च राष्ट्रपति कार्यालयले जानकारी दिएको छ। कतारले हमासका नेतालाई आतिथ्य प्रदान गर्दछ र उसले नोभेम्बरमा एक साताको युद्धविराममा सहयोग गरेको थियो।

कतारको सरकारी समाचार एजेन्सीका अनुसार सेख तमिमले पहिला दोहामा हमास प्रमुख इस्माइल हानियेहसँग भेट गरेका थिए। भेटमा 'तत्काल र स्थायी युद्धविराम सम्झौतामा पुग्ने उद्देश्यले' प्रयासबारे छलफल भएको थियो।

कुनै पनि युद्धविराम सम्झौताले गाजापट्टीको सुदूर दक्षिणमा अवस्थित रफाहमा इजरायलको स्थल आक्रमणमा ढिलाइ गर्ने इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले बताएका छन्। हमासमाथिको 'पूर्ण विजय'का लागि यो आक्रमण अत्यावश्यक रहेको नेतान्याहुले बताए। युद्धको करिब पाँच महिनापछि गाजापट्टीका अन्य क्षेत्रबाट भागेका करिब १४ लाख प्यालेस्टिनीले रफाहमा शरण लिइरहेका छन्। इजरायली सेनाले देशको मन्त्रिपरिषद्लाई आक्रमणअघि रफाहबाट आमनागरिकलाई निकाल्ने आफ्नो योजना प्रस्तुत गरेको प्रधानमन्त्री कार्यालयले सोमबार बताएको थियो। यद्यपि ती विस्थापित नागरिक कहाँ जान सक्छन् भन्नेबारे कुनै विवरण जारी गरिएको छैन। संयुक्त राष्ट्रसंघले रफाहमा कुनै पनि स्थल आक्रमणविरुद्ध बारम्बार चेतावनी दिएको छ।

इतिहासमा आज

फेब्रुअरी २८

सन् १९४७ : ताइबानमा उठेको सरकारविरोधी आन्दोलनलाई राष्ट्रपति च्याङकाई सेक र उनको कोमिन्ताङ पार्टीले निर्ममतापूर्वक दमन गर्दा १८ हजारदेखि २८ हजारको ज्यान गयो।

सन् १९५३ : फ्रान्सिस क्रिक र जेम्स वाट्सनले एक्स-रे डिफ्र्याक्सनमार्फत डिएनए-अणुको रासायनिक संरचना पत्ता लगाए।

Mukhiyapatti Musaharniya Rural Municipality
Office of the Rural Municipality Executive

Tulsiyahi Jabdi, Dhanusha

Lettr of Intent

Date: Tue Feb 27 13:03:02 NPT 2024

To
SIPRADI TRADING PVT. LTD.
CHANDRAGIRI-14, NAYA NAIKAP, KATHMANDU
Kathmandu, Chandragiri, Nepal

Subject: Issuance of letter of intent to award the contract MMRM/080/081/7

This is to notify you that, it is our intention to award the contract for execution of the "Nagar prahariko laagi pickup kharid" to you as your bid price 3109000.00 NRs , as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

Sawan Kumar Chaudhary
Chief Administration Officer

Invitation for Bids

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive

Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of Publication: 28th February 2023 (2080/11/16 B.S.)

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the supply/ works mentioned below under National Competitive Bidding.

S. N.	Contract Identification Number	Description of Work	Estimate Amount (Ex. VAT)	Bid Security (NRs)	Bid Document Price (NRs)	Remarks
1	77/DSMC/ 2080/081	Construction of Side Drain Works at Namuna Marg (Six Lane to Hotel Sorai) at Ward No. 03 DSMC	53,08,162.92	1,33,000/-	3,000/-	Hard Copy Not Acceptable

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

भेरी अस्पताल, नेपालगंज

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/११/१६)

यस अस्पतालद्वारा प्रकाशित निम्न बमोजिमको E-bid बोलपत्र ठेक्का सुचना अनुसार पर्न आएका बोलपत्रहरुको मुल्याँकन समितिको सिफारिस बमोजिम अस्पतालको मिति २०८०/११/१४ को निर्णयानुसार तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको न्यूनतम कबोल अंकको आधारमा मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपशिल

१. PROCUREMENT OF MEDICINES FOR HOSPITAL PHARMACY
(ठेक्का सूचना नं. BH-NCB-PMED-09-080-81)

सि.न.	बोलपत्रदाताको विवरण	जम्मा कबोल अंक (मु.अ.कर बाहेक)	कैफियत
1.	Sambuddha Medico Pvt. Ltd., Bharatpur	1963270.00	23 items
2.	Magnus Pharma Pvt. Ltd., Simra	1045500.00	16 items
3.	Sirjana Medicine Suppliers, Nepalgunj	7238540.00	70 items
4.	Yashodha Pharmacy, Dhangadi	6556363.00	69 items
5.	Unique Pharma, Nepalgunj	8324997.00	165 items
6.	Emerald Pharma, Kathmandu	275001.10	17 items
7.	Pearl Meditech Pvt. Ltd., Bharatpur	8083548.00	82 items
8.	Global Health Care Pvt. Ltd., Kathmandu	4461367.10	20 items

२. PROCUREMENT OF SURGICAL ITEMS FOR HOSPITAL PHARMACY
(ठेक्का सूचना नं. BH/NCB/PSURG/10/080/81)

सि.न.	बोलपत्रदाताको विवरण	जम्मा कबोल अंक (मु.अ.कर बाहेक)	कैफियत
1	Lilawati & Bhima Trading Concern, Kathmandu	1247070.00	68 items
2	Vibe Bio Medical, Kathmandu	330000.00	2 Items

प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा त्रुताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण	
१)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, उद्योग विकास शाखा, कलैया, बाराको प्रा.फ.र.नं. ५९६४/०७४/७५ अन्तर्गत मिति २०७४/०९/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, कोल्हवी न.पा. वडा नं. १ स्थित **राज इलेक्ट्रीक स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: राजनैतिक चौधरी** स्थायी ठेगाना : बारा जिल्ला, सिहोर्वा गा.वि.स. वडा नं. १ हालको ठेगाना : बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ६ बाबु : गजेन्द्र चौधरी बाजे : सत्यनारायण चौधरी	**१) शारदा कुमारी चौधरी** स्थायी ठेगाना : बारा जिल्ला, सिहोर्वा गा.वि.स. वडा नं. १ हालको ठेगाना : बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ६ बाबु : पलट राज चौधरी ससुरा : गजेन्द्र चौधरी पति : राजनैतिक चौधरी	**२) राम पतिया देवी** स्थायी ठेगाना : बारा जिल्ला, सिहोर्वा गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ६ बाबु : हेमल खाब ससुरा : सत्यनारायण चौधरी पति : गजेन्द्र चौधरी
	धितोको विवरण १) हेमल खाबकी छोरी, सत्यनारायण चौधरीकी बुहारी, गजेन्द्र चौधरीकी पत्नी, बारा जिल्ला, सिहोर्वा गाउँ पञ्चायत वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ६ बस्ने राम पतिया देवीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, सिहोर्वा गा.वि.स. वडा नं. २ ख (हाल करैयामाई गा.पा. वडा नं. ६) स्थित कित्ता नं. २०२ र २१२ को क्षेत्रफल क्रमश : ०-१-० र ०-३-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) हेमल खाबकी छोरी, सत्यनारायण चौधरीकी बुहारी, गजेन्द्र चौधरीकी पत्नी, बारा जिल्ला, सिहोर्वा गाउँ पञ्चायत वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, करैयामाई गा.पा. वडा नं. ६ बस्ने राम पतिया देवीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, सिहोर्वा गा.वि.स. वडा नं. १ गा (हाल करैयामाई गा.पा. वडा नं. ६) स्थित कित्ता नं. २६ को क्षेत्रफल ०-१-१० (बिगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) राज इलेक्ट्रीक स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।		
२)	**ऋणीको विवरण** १) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट (नेपाल)मा प्रा.फ.नं. ७५८१/५४८/१४९/३४ गरुडा, अन्तर्गत मिति २०७६/१०/२४ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ १-ग र सोही ऐनका दफा २ च बमोजिम दर्ता भएको रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ स्थित **न्यू जयसवाल मिट हाउँस** **प्रोप्राईटर तथा जमानीकर्ता: अरबिन्द कुमार जयसवाल** स्थायी ठेगाना:रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बाबु : छोटेलाल प्रसाद बाजे : प्रेमलाल प्रसाद	**२) अरबिन्द कुमार जयसवाल** स्थायी ठेगाना : रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बाबु : छोटेलाल प्रसाद बाजे : प्रेमलाल प्रसाद	
	जमानीकर्ताहरुको विवरण **१) गोविन्द प्रसाद** स्थायी ठेगाना : रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बाबु : छोटे लाल प्रसाद बाजे : प्रेमलाल प्रसाद	**२) जानकी देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बाबु : राम असरे प्रसाद साह ससुरा : प्रेमलाल प्रसाद पति : छोटेलाल प्रसाद	
	धितोको विवरण १) राम असरे प्रसाद साहकी छोरी, प्रेमलाल प्रसादकी बुहारी, छोटेलाल प्रसादकी पत्नी, रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने जानकी देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १३८८ को क्षेत्रफल ०-०-१०-० (बिगाह) को घरजग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) न्यू जयसवाल मिट हाउँसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।		
३)	**ऋणीको विवरण** १) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४७८२०/०७७/०७८ अन्तर्गत मिति २०७७/०८/०७ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ०४ स्थित **एन. जानकी स्टोर प्रा. लि.** **अध्यक्ष तथा जमानीकर्ता: गोविन्द आचार्य** स्थायी ठेगाना : अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १३ हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ०४ बाबु : लक्ष्मण आचार्य बाजे : वासुदेव आचार्य	**१) जमुना नगरकोटी** स्थायी ठेगाना : भक्तपुर जिल्ला, चितपोल गा.वि.स. वडा नं. ०४ हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ०४ बाबु : नारायण हरि नगरकोटी ससुरा : लक्ष्मण आचार्य पति : गोविन्द आचार्य	
	२) गोविन्द आचार्य स्थायी ठेगाना : अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १३ हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ०४ बाबु : लक्ष्मण आचार्य बाजे : वासुदेव आचार्य	**१) जमुना नगरकोटी** स्थायी ठेगाना : भक्तपुर जिल्ला, चितपोल गा.वि.स. वडा नं. ०४ हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ०४ बाबु : नारायण हरि नगरकोटी ससुरा : लक्ष्मण आचार्य पति : गोविन्द आचार्य	
	धितोको विवरण १) वासुदेव आचार्यको नाती, लक्ष्मण आचार्यको छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४ बस्ने गोविन्द आचार्यको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगातमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला गा.वि.स. वडा नं. ०६ (हाल बनेपा न.पा वडा नं. ०६) स्थित कित्ता नं. १०७४ र १०७५ को क्षेत्रफल क्रमश: १-१२-०-० र ०-१४-१-३ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) एन.जानकी स्टोर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।		
	ऋणीको विवरण **३) रोलक्क भट्ट** स्थायी ठेगाना : गोरखा जिल्ला, बकाङ गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ०४ बाबु : बाबुराम भट्ट बाजे : भिम दत्त भट्ट		

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार १६ फागुन ०८०

६ महिनामा प्राधिकरणको नाफा १५.३६ अर्ब

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्ष ०८०/८१ को ६ महिनामा १५ अर्ब ३६ करोड नाफा कमाएको छ। यो गत आव ०७९/८० को सोही अवधिको तुलनामा ४१ प्रतिशतले बढी हो। गत आवको ६ महिनामा प्राधिकरणले १० अर्ब ९१ करोड नाफा कमाएको थियो। प्राधिकरणका अनुसार यो कर कट्टीअघिको नाफा हो। गत आवको पूरै वर्षभरि भने प्राधिकरणले खुद १२ अर्ब ३३ करोड नाफा कमाएको थियो। चालू आवमा नाफा बढ्ने प्राधिकरणको आकलन छ।

६ महिनामा प्राधिकरणले विद्युत् बिक्री तथा ब्याजमार्फत ६७ अर्ब २८ करोड ७७ लाख आम्दानी गरेको छ। समीक्षा अवधिमा प्राधिकरणले भारतमा विद्युत् निर्यात गरेर मात्रै १३ अर्ब ३८ करोड ५६ लाख आम्दानी गरेको छ। स्वदेशमै विद्युत् बिक्री गरेर भने ४५ अर्ब ४९ करोड ३८ लाख खुद आम्दानी गरेको छ। यसैगरी, प्राधिकरणले समीक्षा अवधिमा विद्युत् आयात तथा खरिदलगायत शीर्षकमा ५१ अर्ब ९२ करोड ७१ लाख खर्च गरेको छ। समीक्षा अवधिमा प्राधिकरणले भारतबाट एक अर्ब ९८ करोड ६२ लाख रुपैयाँको विद्युत् आयात गरेको छ। यसैगरी, निजी आयोजनाबाट २८ अर्ब ४९ करोड ९६ लाखको विद्युत् खरिद गरिएको प्राधिकरणको भनाइ छ।

अहिले सुक्खा यामका कारण स्वदेशी उत्पादन घटेपछि भारतबाट विद्युत् आयात भइरहेको छ। चैत-वैशाखसम्म १० अर्बभन्दा बढीकै विद्युत् आयात गर्न सकिने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। यद्यपि, असारसम्म पुग्दा सन्तोषजनक नाफा कमाउन सकिने प्राधिकरणका एक अधिकारीले बताए। आव ०७२/७३ सम्म प्राधिकरण घाटामा थियो। त्यस यता भने प्राधिकरणले हरेक वर्ष नाफा कमाउँदै आएको छ।

साउनयता नौ सबस्टेसन सञ्चालनमा

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्ष ०८०/८१ को साउनयता विद्युत् वितरणतर्फका नौवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याएको छ। प्राधिकरणले ग्रिड सबस्टेसनबाट वितरण सबस्टेसनसम्म विद्युत् पुऱ्याउन र वितरण सबस्टेसनबाट उपभोक्ताकोसम्म विद्युत् पुऱ्याउन ३३ तथा ११ किलोभोल्ट (केभी) र चार सय भोल्टका लाइनहरू निर्माण गरी सञ्चालनमा ल्याएको छ। साथै, वितरण ट्रान्सफर्म पनि जडान गरिएको छ।

साउनबाट हालसम्म वितरणतर्फका ३३-११ केभीका नौवटा वितरण सबस्टेसन निर्माण गरेको छ। प्राधिकरणका अनुसार इलामको पश्चिम क्षेत्र र पाँचथरमा विद्युत् आपूर्तिका लागि ३३-११ केभीको चिसापानी सबस्टेसन बनाइएको छ। यसैगरी, मकवानपुरको बागमती तथा बकैया गाउँपालिकामा विद्युत् आपूर्तिका लागि क्षतिवन सबस्टेसन बनाइएको छ। म्याग्दीको मंगला, मालिका तथा धौलागिरि गाउँपालिकामा विद्युत् आपूर्तिका लागि दरबाङ सबस्टेसन र नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को बुलिङटार गाउँपालिका क्षेत्रमा विद्युत् आपूर्तिका लागि बोझपोखरी सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनामार्फत सबस्टेसन निर्माण गरिएको हो। आयोजनाअन्तर्गत देशभरि २५ वटा नयाँ सबस्टेसनको निर्माण र १२ वटा सबस्टेसनको स्तरोन्नति गरिएको छ। २५ वटा सबस्टेसनमध्ये पाँचवटाको निर्माण अन्तिम चरणमा छ भने सबस्टेसनहरूको स्तरोन्नति सम्पन्न भइसकेको छ।

विश्व बैंकको ग्रिड सोलार तथा ऊर्जा दक्षता परियोजनामार्फत प्राप्त सहुलियतपूर्ण ऋणमा मकवानपुरको मनहरी, सिन्धुलीको दुधौली, दोलखाको नाम्दु ललितपुरको उनिचौरमा वितरणतर्फको ३३-११ केभी सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

त्यस्तै, विश्व बैंककै सहुलियतपूर्ण ऋणमा रामेछापको बाम्तीमा वितरण सबस्टेसन निर्माण गरिएको छ। उक्त सबस्टेसनसम्म पुग्ने ३३ केभी प्रसारणलाइन र त्यहाँबाट विद्युत् आपूर्तिका लागि लाइन पनि निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, पर्याप्त र सुरक्षित विद्युत् उपलब्ध गराउन देशभरि नै वितरणतर्फका लाइन र सबस्टेसन निर्माण अभियानकै रूपमा चलिरहेको बताए।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

धरानमा विमानस्थल निर्माण सम्भव नरहेको क्यानको निष्कर्ष

नयाँ पत्रिका

धरानमा बनाउने भनिएको विमानस्थल निर्माण नहुने भएको छ। धरान विमानस्थल निर्माण गर्न आर्थिक एवं प्राविधिक रूपमा फिजिबल नरहेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले निष्कर्ष निकालेको हो।

धरानमा विमानस्थल निर्माणका लागि पर्यटनमन्त्री सुदन किराँती र धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङको जोडबल थियो। मेयर साम्पाङले धरान विमानस्थल निर्माणका लागि पहल गरिदिन पत्र पठाएपछि मन्त्री किराँतीले सम्भाव्यता अध्ययन गर्न क्यानलाई निर्देशन दिएका थिए। क्यानले प्रबन्धक नलविक्रम थापाको संयोजकत्वमा अर्का प्रबन्धक अनिल बस्नेत र वरिष्ठ अधिकृत विमल खनाल सदस्य रहेको समिति गठन गरेको थियो। समितिले धरानमा विमानस्थल निर्माण गर्न नीतिगत, भौगोलिक, प्राविधिक र व्यावसायिक सम्भवनाका हिसाबले सम्भव नभएको प्रतिवेदन बुझाएको थियो।

क्यानले मंगलबार धरानमा विमानस्थल निर्माण गर्न फिजिबल नदेखिएको निष्कर्ष निकालेपछि मेयर साम्पाङ आक्रोशित देखिएका छन्। उनले नियामक निकायलाई इंगित गर्दै फेसबुकमार्फत नियम संशोधन गरेर भए पनि विमानस्थल बनाउने बताएका छन्। संविधान त परिवर्तन हुन्छ भने नियमावली संशोधन गर्नु कुनै ठूलो कुरा नरहेको उनको भनाइ छ।

धरान विमानस्थल निर्माण गर्दा विद्यमान हवाई नीति, २०६३ मा भएको 'तराई तथा भित्री मधेशमा विमानस्थल निर्माण गर्दा निकटस्थ विमानस्थलबाट कम्तीमा ४० नटिकल माइल हुनुपर्ने' नीतिगत व्यवस्थाविपरीत हुने अध्ययन समितिको निष्कर्ष छ। विराटनगर विमानस्थलबाट धरानको दूरी करिब ४० किलोमिटर रहेको छ। यति छोटो दूरीमा दुईवटा हवाई अड्डा सञ्चालन सम्भव नरहेको क्यानको निष्कर्ष छ। विराटनगर विमानस्थलबाट त्यति नजिकै अर्बौं रुपैयाँ खर्च गरेर विमानस्थल बनाउनु आर्थिक रूपमा भायबल नहुने क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए।

सडक यातायातको सहज पहुँच तथा त्यस क्षेत्रको भौगोलिक अवस्थितिले गर्दा वान वे एप्रोच मात्र सम्भव रहेको हवाई यातायातको दीर्घकालीन, नियमित र व्यावसायिक सम्भावना नभएको अध्ययन समितिको निष्कर्ष छ। यस्तै, विमानस्थल सञ्चालनमा टेक्निकल तथा अप्रेसनल कठिनाइ पनि रहेको बताइएको छ।

धरानमा विमानस्थल बनाउन भन्दै खरिद गरेको जग्गामा दुई दशकसम्म पनि विमानस्थल निर्माण अगाडि नबढेपछि स्थानीयले पुरानै मूल्यमा जग्गा फिर्ता गर्न दबाब दिँदै आइरहेका छन्। स्थानीयले जग्गा फिर्ता दिलाउन भन्दै उपमहानगरमा पटक-पटक निवेदन दिइरहेको मेयर साम्पाङको भनाइ छ। विगतमा पनि पटक-पटक धरान विमानस्थल निर्माणका लागि अध्ययन गर्न माग गरिँदै आएको थियो। नेपालमा सम्भाव्यता अध्ययन नै नगरी हचुवाका भरमा विमानस्थल निर्माण हुँदै आइरहेका छन्। कतिपय जिल्लामा विमानस्थल निर्माणलाई राजनीतिक नाराका रूपमै अगाडि बढाइएको छ। अहिले देशभर तीनवटा अन्तर्राष्ट्रियसहित ५४ वटा विमानस्थल निर्माण भएका छन्। जसमध्ये २२ वटा विमानस्थलमा एउटै उडान हुँदैनन्। यी विमानस्थलमा उडान नहुनुमा प्राविधिक जटिलता, आर्थिक सम्भाव्यता नहुनु, जहाज अभावलगायत कारण रहेका छन्।

सेबोन अध्यक्ष नियुक्तिको कार्यविधि तयार

काठमाडौं/ नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि सिफारिससम्बन्धी कार्यविधि, २०८० तयार भएको छ। अध्यक्ष सिफारिस समितिले मंगलबार कार्यविधि सार्वजनिक गरेसँगै अध्यक्ष पदका लागि बाटो खुलेको छ।

सरकारले ४ माघमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको संयोजकत्वमा अर्थसचिव कृष्णहरि पुष्कर र शंकरदेव क्याम्पसका प्राध्यापक उदय निरौला सदस्य रहेको सिफारिस समिति गठन गरेको थियो।

धितोपत्रसम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्थाबमोजिम राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गरिएको समितिले धितोपत्र बोर्डको अध्यक्ष छनोटका लागि कार्यविधि बनाएपछि आवेदन खुला गर्नुपर्छ।

अर्थ मन्त्रालयका अनुसार १५ दिनको समयसीमा तोकेर केही दिनमै सूचना निकालेर आवेदन खुला गरिनेछ। उम्मेदवारले कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनुपर्छ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/११/१६ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क.स	कर्जा शीर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना			धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१.ओभरड्राफ्ट सुविधा २.आवधिक कर्जा	**ऋणीको नामः आनन्द बहुउद्देश्यीय कृषि फार्म प्रा. लि.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २०६७४९/०७५/०७६ दर्ता मितिः २०७५/१०/०३ स्थायी लेखा नं.: ६०६५७१७१९ ठेगानाः सर्लाही जिल्ला, बाग्मती गा.पा. वडा नं. ६। **शेयरधनि तथा व्यक्तिगत जमानतकर्ताः** **रामाज्ञा प्रसाद यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७०८/३०३(२०४५/०२/०५/रौतहट) बाजेको नामः सुनर राय यादव बाबुको नामः अर्जुन राय यादव ठेगानाः रौतहट जिल्ला, दिपही गा.वि.स., वडा नं. ५।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. विवेक मणि यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२१०१३-६४६० (२०६५/१२/११/रौतहट) बाजेको नामः अर्जुन राय यादव बाबुको नामः रामाज्ञा प्रसाद यादव ठेगानाः रौतहट जिल्ला, दिपही गा.वि.स., वडा नं. ५। **२. अभिषेक मणि यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२-१-६९-५१६१ (२०६१/०७/०२/रौतहट) बाजेको नामः अर्जुन राय यादव बाबुको नामः रामाज्ञा प्रसाद यादव ठेगानाः रौतहट जिल्ला, दिपही गा.वि.स., वडा नं. ५।	**३. लंगवती देवी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७०७/१३४९/२५८ (२०४५/०२/०४/रौतहट) बाबुको नामः गणेश राय ससुराको नामः अर्जुन राय यादव पतिको नामः रामाज्ञा प्रसाद यादव ठेगानाः रौतहट जिल्ला, दिपही गा.वि.स., वडा नं. ५। **४. विनिता यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): १५१०५१/१७७८२ (२०६८/०९/०६/रौतहट) बाबुको नामः सफिलाल यादव ससुराको नामः रामाज्ञा प्रसाद यादव पतिको नामः विवेक मणि यादव ठेगानाः रौतहट जिल्ला, दिपही गा.वि.स., वडा नं. ५।	अर्जुन राय यादवको नाति, रामाज्ञा प्रसाद यादवको छोरा, रौतहट जिल्ला, दिपही गा.वि.स.,वडा नं. ५ बस्ने **विवेक मणि यादव**को नाममा मालपोत कार्यालय बरहथवा, सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, राजघाट गा.वि.स./न.पा. वडा नं. १० धर्मपुर स्थित कि.नं. ३१८ को क्षेत्रफल ०-१५-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
२.	आवधिक कर्जा	**ऋणीको नामः रिता देवी राई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४०४१६२६ (२०५७/०३/०५/झापा) बाबुको नामः याम बहादुर चौराजे राई ससुराको नामः चाम बहादुर राई पतिको नामः विश्वजित राई ठेगानाः झापा जिल्ला, खुदुनाबारी गा.वि.स., वडा नं. १।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. विश्वजित राई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६४३८८३५५ (२०५४/०५/०३/झापा) बाजेको नामः बल बहादुर राई बाबुको नामः चाम बहादुर राई ठेगानाः झापा जिल्ला, मेची न.पा. वडा नं. १।	**२. रिनुजा राई** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०४-०१-७४-०३३४१ (२०७४/०४/०३/झापा) बाजेको नामः दल बहादुर चौराजे राई बाबुको नामः याम बहादुर राई ठेगानाः झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. १।	याम बहादुर चौराजे राईको छोरी, चाम बहादुर राईको बुहारी, विश्वजित राईको पत्नि, झापा जिल्ला, खुदुनावारी गा.वि.स., वडा नं. १ बस्ने **रिता देवी राई**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, मेचीनगर न.पा., वडा नं. १ स्थित कि.नं. २१९ को क्षेत्रफल १६९.३० ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	आवधिक कर्जा	**ऋणीको नामः शशी कुमार चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७४७२३५२७ (२०५३/०२/३१/सप्तरी) बाजेको नामः हनुमानी लेखी बाबुको नामः बिन्दे भन्ने बिन्देश्वर प्रसाद चौधरी ठेगानाः सप्तरी जिल्ला, सीतापुर गा.वि.स., वडा नं. ७।	**व्यक्तिगत जमानतकर्ताः** **सरिता चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४७४२ (२०५९/०९/११/सप्तरी) बाबुको नामः कैलु चौधरी थारू ससुराको नामः बिन्दे भन्ने बिन्देश्वर प्रसाद चौधरी पतिको नामः शशी कुमार चौधरी ठेगानाः सप्तरी जिल्ला, जण्डौल गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सीतापुर गा.वि.स., वडा नं. ७।		**बैंकको नाममा रोक्का रहेको सम्पत्तिको विवरण** कैलु चौधरी थारूको छोरी, बिन्दे भन्ने बिन्देश्वर प्रसाद चौधरीको बुहारी, शशी कुमार चौधरीको पत्नि सप्तरी जिल्ला, जण्डौल गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, सीतापुर गा.वि.स., वडा नं. ७ बस्ने **सरिता चौधरी**को नाममा मालपोत कार्यालय सप्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, बकधुवा गा.वि.स./न.पा., वडा नं. ६/ग स्थित कि.नं. १८३ को क्षेत्रफल ०-७-१२-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	व्यक्तिगत ओभरड्राफ्ट	**ऋणीको नामः कमलेश थारू** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७१००५/१/२४७७३ (२०६५/०६/०९/रूपन्देही) बाजेको नामः नाथु प्रसाद थारू बाबुको नामः छन्नु प्रसाद थारू ठेगानाः रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स., वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. लक्ष्मी चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७ ३००६/११७ (२०७०/२/२७/रूपन्देही) बाबुको नामः उत्तम प्रसाद थारू ससुराको नामः छन्नु प्रसाद थारू पतिको नामः कमलेश थारू ठेगानाः रूपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ७।	**२. रमेश चौधरी थारू** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०१-७३-११६४० (२०७३/१२/०९/रुपन्देही) बाजेको नामः नाथु प्रसाद थारू बाबुको नामः छन्नु प्रसाद थारू ठेगानाः रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ११। **३. नाथु प्रसाद थारू** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५६२९७ (२०३७/०२/१९/रुपन्देही) बाजेको नामः रन्जीत प्रसाद थारू बाबुको नामः चौधरी प्रसाद थारू ठेगानाः रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ५।	**४. माधव प्रसाद थारू** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/८३८२ (२०५५/०३/१४/रूपन्देही) बाजेको नामः चौधरी प्रसाद थारू बाबुको नामः नाथु प्रसाद थारू ठेगानाः रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ११।	रन्जीत प्रसाद थारूको नाति, चौधरी प्रसाद थारूको छोरा रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ५ बस्ने **नाथु प्रसाद थारू**को नाममा मालपोत कार्यालय भैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, सिक्टहन गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ९९५ र १००४ को क्षेत्रफल ६८९.९८ र १२४८.७३ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
५.	१. स्टाफ स्टाण्डवाई कर्जा सुविधा २. कर्मचारी सामाजिक कर्जा	**ऋणीको नामः प्रविन श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५१००१/११०७१ (२०६७/०८/२७/कञ्चनपुर) बाजेको नामः भिम बहादुर श्रेष्ठ बाबुको नामः लक्ष्मण प्रसाद श्रेष्ठ ठेगानाः कंचनपुर जिल्ला, भीमदत्त न.पा., वडा नं. ४।			(धितो नरहेको)
६.	स्टाफ स्टाण्डवाई कर्जा सुविधा	**ऋणीको नामः प्रकाश वि.क.** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९४५६९ (२०६३/०७/०९/तनहुँ) बाजेको नामः विर बहादुर वि.क. बाबुको नामः कृष्णबहादुर वि.क. ठेगानाः तनहुँ जिल्ला, ढोरफिदी गा.वि.स., वडा नं. ३।			(धितो नरहेको)

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/११/१६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.)को शाखा कार्यालय मंगलपुर, चितवनबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०७९/०८/०१ को चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना र मिति २०८०/०३/२४ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मंगलपुर, चितवनमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्हहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष र वानजोन वान प्रोडक्ट आवधिक कर्जा
ऋणीको नाम : प्रगती हरियाली तरकारी फर्म
रजिष्टर्ड ठेगाना : भरतपुर महानगरपालिका वडा नं. १८, शसीनगर, चितवन
रजिष्ट्रेशन नं. : ३३/०७५/०७६ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग)
पान नं. : ६०८०७२८२९

प्रोप्राइटरको नाम र ठेगाना
नाम : **टंक नाथ रेग्मी**
बाबु : तुलसी राम रेग्मी
बाजे : गोपी नाथ रेग्मी
ठेगाना : गुञ्जनगर गा.वि.स.- ५, चितवन
हाल : भरतपुर म.न.पा.- १८, चितवन
ना.प्र.नं : ३५२४९३
जारी मिति : २०३९/०६/१५
जि.प्र.का : चितवन

जमनीकर्ताको नाम र ठेगाना
नाम : **शंखजोम तामाङ**
बाबु : विर बहादुर तामाङ
पति : टंक नाथ रेग्मी
ससुरा : तुलसी राम रेग्मी
ठेगाना : देउराली गा.पा.-८, नुवाकोट
हाल : भरतपुर म.न.पा.-१८, चितवन
ना.प्र.नं : ९३३६
जारी मिति : २०४५/०२/१९
जि.प्र.का : नुवाकोट

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नामः- टंक नाथ रेग्मी

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	चितवन	रातापुर हालः भरतपुर म.न.पा.-१८, चितवन	१/१क	४३३७	२६०९.८६	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि बाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को शाखा कार्यालय मंगलपुर, चितवन वा नारायणहिटी पथ, दरवारमार्ग स्थित प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/११/२३, बुधबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय मंगलपुर, चितवन।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फयाक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

एनसेलले सुरु गऱ्यो खुद्रा विक्रेता कार्यक्रम



काठमाडौं/ एनसेलले आफूसँग आबद्ध रहेका खुद्रा विक्रेता, साना पसल गर्ने व्यवसायीलाई सहयोग गर्ने उद्देश्यले नयाँ कार्यक्रम सुरु गरेको छ। कम्पनीले आफ्नो च्यानल इकोसिस्टमको प्रत्येक तहलाई सशक्त बनाउने प्रतिबद्धताअनुरूप एनसेलले देशभरका खुद्रा विक्रेतालाई प्रोत्साहन र पुरस्कृत गर्न कार्यक्रम सुरु गरेको हो।

देशभर रहेका ५० हजारभन्दा बढी खुद्रा विक्रेतालाई लक्षित गरेर कार्यक्रम ल्याएको कम्पनीले जनाएको छ। कार्यक्रममा सहभागी हुने खुद्रा विक्रेताले सिमकार्ड र प्याकहरूको बिक्रीबापत निश्चित प्वाइन्ट आर्जन गर्ने र उक्त प्वाइन्टका आधारमा उनीहरूले विभिन्न उपहार प्राप्त गर्ने जनाइएको छ। उपहारमा टेलिभिजन, स्मार्टफोन, स्मार्टवाच, पावर बैंक र ब्लुटुथ स्पिकरहरू रहेको कम्पनीको भनाइ छ।

कार्यक्रमअन्तर्गत राम्रो कार्य गर्ने एक हजारभन्दा बढी खुद्रा विक्रेताले विशेष उपहार प्राप्त गर्ने जनाइएको छ। जसमा एक भाग्यशाली सहभागी खुद्रा विक्रेताले कार्यक्रमको अन्त्यमा मोटरसाइकल जित्ने कम्पनीले उल्लेख गरेको छ। यो कार्यक्रमले खुद्रा विक्रेतालाई सहयोग गर्नुका साथै कम्पनीले खुद्रा विक्रेतालाई सहयोग प्रदान गर्न जिम्मेवार आफ्ना फिल्ड फोर्स टोलीलाई प्रोत्साहन गर्न पनि केन्द्रित रहेको कम्पनीको भनाइ छ।

कार्यक्रममा पाँच सयभन्दा बढी फिल्ड फोर्स टोली सदस्यहरू संलग्न हुने र प्रत्येक महिना एक सय ५० भन्दा बढी सदस्यलाई उनीहरूको उत्कृष्ट कार्यका लागि प्रोत्साहनस्वरूप विभिन्न उपहार प्रदान गर्ने जनाइएको छ।

हाल सञ्चालनमा रहेको रिटेल इन्गेजमेन्ट प्रोग्राम र अरू कार्यक्रमका साथ आफ्नो साझेदारी सुदृढ गर्ने, पारस्परिक समृद्धिका लागि काम गर्ने र आफ्ना ग्राहकलाई निरन्तर गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्यका साथ काम गरिरहेको कम्पनीले जनाएको छ।

फोनपेको 'सक्षम नारी' अभियान

काठमाडौं/ भुक्तानी नेटवर्क फोनपेले महिलाका लागि वित्तीय समावेशीकरण र आत्मनिर्भरतालाई प्रवर्द्धन गर्ने उद्देश्यले 'सक्षम नारी' नामक अभियान सुरु गरेको छ। कम्पनीले नबिल र सानिमा बैंकसँगको सहकार्यमा यो अभियान सुरु गरेको हो।



आर्थिक वृद्धि र समृद्धिका लागि नारीहरूले खेल्ने निर्णायक भूमिकालाई मान्यता दिई सबै वर्गका नारीलाई डिजिटल भुक्तानीका माध्यममा सशक्त बनाउने उद्देश्यले २८ फागुनसम्मका लागि अभियान सुरु गरेको जनाइएको छ। अभियानमा सहभागी हुन नबिल र सानिमा बैंकका महिला प्रयोगकर्ताले आफ्नो मोबाइल बैंकिङ एपमार्फत अभियान अवधिभर क्युआर, फोनपे डाइरेक्ट र फोनपे बिल प्रयोग गरी कम्तीमा तीनवटा कारोबार गर्नुपर्ने सर्त राखिएको छ। नबिल बैंकका एकजना महिला प्रयोगकर्ताले अभियानको मापदण्ड पूरा गरेपछि श्री बालाजी डायमन्डबाट उत्कृष्ट हीरा सेट पाउने तथा सानिमा बैंक र नबिल बैंकका एक सय महिला प्रयोगकर्ताले एक हजार रुपैयाँको टप-अप जित्ने जनाइएको छ।

फोनपेका चिफ स्ट्राटेजी अफिसर सुबोध शर्माले सक्षम नारी अन्य नियमित अभियानभन्दा फरक भएको र यसले महिलामा प्रविधि अपनाउन प्रोत्साहित गर्ने बताए। डिजिटल माध्यमबाट महिलामाझ भुक्तानीको प्रयोग कम भएको देखिएको र यो अभियानमार्फत यसको स्वरूप परिवर्तन गर्न खोजेको उनको भनाइ थियो।

कुलेखानी-फाखेल सडक आजदेखि खुल्ने

मकवानपुर/ सडक स्तरोन्नतिको काम चलिरहेका कारण दुई महिनादेखि बन्द कुलेखानी-फाखेल सडकखण्ड बुधबारदेखि सुचारु हुने भएको छ। मंगलबार इन्द्रसरोवर गाउँपालिकाले सूचना जारी गर्दै सडकखण्ड सुचारु हुने जानकारी गराएको हो।

बन्द सडकखण्ड बुधबारबाट सुचारु गर्न लागेको गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीद्वारा हस्ताक्षरित सूचनामा जनाइएको छ। प्रदेश राजधानी हेटौँडालाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो मार्ग कुलेखानी-फाखेल-हुमाने-फर्पिङ सडकखण्ड बुधबारबाट सुचारु हुने भएको हो।

यस सडकखण्डको मकवानपुर र काठमाडौं दुवैतर्फ स्तरोन्नतिको काम भइरहेको छ। स्तरोन्नतिका लागि भन्दै गएको पुस १६ गतेदेखि मकवानपुरतर्फको कुलेखानी-फाखेल-हुमाने भञ्ज्याङ सडकखण्ड दुई महिनाका लागि बन्द गरिएको थियो।

गाउँपालिकाद्वारा जारी सूचनामा उक्त सडक भएर आवतजावत गर्ने यात्रुहरूको समस्या एवं होटेल व्यवसायी र सडकलाई लक्षित गरी सञ्चालित अन्य व्यवसायीहरूको असुविधालाई ध्यानमा राखी यातायात सुचारु गर्न लागिएको उल्लेख गरिएको छ।

कुलेखानी-चखेल-देउराली-मातातीर्थ-सतुंगल सडक एक साता बन्द

यता मकवानपुर भएर काठमाडौं जोड्ने अर्को छोटो दूरीको कुलेखानी-महालक्ष्मी खोला-चखेल-देउराली-मातातीर्थ-सतुंगल सडकखण्ड भने एक साताका लागि बन्द गरिएको छ। उक्त सडक स्तरोन्नतिको काम चलिरहेको भन्दै मंगलबारदेखि एक साताका लागि बन्द गरिएको हो।

महालक्ष्मी-दोभान-घट्टेखोला-चखेल-देउराली-मातातीर्थ-सतुंगल सडकको मातातीर्थ सडकखण्डमा स्तरोन्नतिको काम भइरहेकाले बन्द गर्न लागेको इन्द्रसरोवर-५ का वडाध्यक्ष दूतराज तितुङले जानकारी दिए। उनले मातातीर्थ सडकखण्डमा रोलर ग्रेडरसहित सब-बेस रोलिङ गर्ने काम भइरहेको बताए।

सर्टिफिकेट हरायो

मिति २०८०/०३/१४ गते रामेछाप देखि काठमाडौं सम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : RAJ SUNUWAR
Reg.No : 783271180218
S. No.: 27604757
Contact : 9849998131
Add: Ramechhap, Khimti

करारमा कर्मचारी आपुर्ति सेवा लिने सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना

यस नेपाल डिजिटल पेमेन्ट्स कं. लि.द्वारा आवश्यक पर्ने कर्मचारी आपुर्ति सेवा करारमा लिनुपर्ने भएकोले सम्बन्धित सेवा प्रदायक कम्पनी वा एजेन्सीबाट राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशित मितिले १५औं दिनको ५ बजे भित्र आर्थिक प्रस्तावसहितको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। दरभाउपत्र खरिद गर्नको लागि यस कम्पनीको लेखा शाखाबाट रु ३०००/- को (फिर्ता नहुने गरी) बिल कटान गरी तोकिएको समयभित्र दर्ता गराउनु पर्नेछ। साथै सिलबन्दी दरभाउपत्र प्रस्तावदाताहरूले सिलबन्दी दरभाउपत्रसाथ पेस गर्नुपर्ने न्यूनतम कागजात तथा अन्य आवश्यक जानकारी यस कम्पनीको आधिकारिक वेबसाइट https://ndpc.com.np/notices/ मा राखिएको छ।

NDPC नेपाल डिजिटल पेमेन्ट्स (कं) लि.
नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ।

समस्याग्रस्त घोषित हाम्रो नयाँ कृषि सहकारी संस्था लि., कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि. र कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि.को बचत रकम मागदावी गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/११/१६ गते

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट तपशिल बमोजिमका सहकारीहरुलाई सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम उक्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोले सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम उल्लेखित समस्याग्रस्त घोषित सहकारी संस्थाका सदस्य बचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको दावी यस समितिको वेबसाइट www.coopmc.gov.np मा गइ यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र अनलाईन मागदावी आवेदन मार्फत सप्रमाण पेश गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको नाममा यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं.	सहकारी संस्था	समस्याग्रस्त घोषणा मिति
१.	हाम्रो नयाँ कृषि सहकारी संस्था लि.	२०८०/१०/११
२.	कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि.	२०८०/१०/२६
३.	कान्तिपुर सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि.	२०८०/११/०३

नबिल बैंक लिमिटेड, घण्टाघर शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/१६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

